# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुसाँस्कृतिक बहुभाषिक र बहुजातिको समिश्रण भएको सुन्दर देश हो। पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तरको गगनचुम्बी हिमाल ऋङ्खला देखि दक्षिणको समथर मैदानसम्म फैलीएको यो देशले विश्वको कुल क्षेत्रफलको ०.०३% र एशियाको कूल क्षेत्रफलको ०.३% भू-भाग ओगटेको छ। यो राष्ट्र नेपाल मानव विकास सूचांकको १५७ औं स्थानमा पर्दछ (यु.एन.डि.पि. २०११)। वि.सं. २०५८ सालमा २,३१,५१,४२३ रहेको जनसंख्या अहिले सम्म अर्थात वि.सं. २०६८ सालमा आइपुग्दा वार्षिक १.३५% वृद्धिदरमा २,६४,९४,५०४ पुगिसकेको छ (**केन्द्रीय तथ्याङ्क विभाग,२०६८**)।

आजको एक्काइसौं शताब्दीमा विश्वमा वृद्धहरुको संख्या बढेको छ। यसको कारण बालबच्चा र प्रौढको संख्या घटेको, मृत्युदर घट्नुका साथै सामाजिक स्वास्थ्यमा सुधार आउनुको फलस्वरुप विश्वव्यापी रुपमा वृद्धहरुको संख्या बढ्दै गइरहेको छ। यसबाट नेपाल पनि अछुतो छैन। नेपालमा मूलत ६० वर्ष भन्दा बढी उमेर भएका मानिसलाई वृद्ध भनिन्छ। नेपालको जनगणना २००१ का अनुसार १५ लाख मानिसहरु वृद्ध छन्। जसले कुल जनसंख्याको ६.५% जनसंख्या जनाउँछ। यसरी दिनानुदिन जनसंख्या बुढौलितिर संक्रमण हुँदै गएको छ। जनगणना २०११ का अनुसार कुलजनसंख्यामा वृद्धहरुको अनुपात ९% रहेको छ। नेपाल जनसंख्या बढी भएको देश हो। त्यसैले सरकारले यसलाई घटाउने प्रयास गर्‍यो। जसको फलस्वरुप वृद्धहरुको जनसंख्या बढ्दै गयो **(Chalise, 2006)**।

हिन्दु संस्कार पद्धति अनुसार वृद्धावस्था मानव जीवनको चार वर्णश्रम मध्य (ब्रम्हाचार्य,गृहस्थ,वानप्रस्थ र सन्यास), सन्यास अवस्था हो। यो अवस्था जीवनका विभिन्न अवस्थाहरु पार गरेपछि आउने सबैभन्दा पछिको अवस्था हो। यो अवस्थामा आईपुग्दा मानवले विभिन्न प्रकारका सुख, दुःखका अनुभवहरु बटुलेको हुन्छ। जब मानिस बयस्क बाट वृद्धमा परिणत हुन्छ उसका इन्द्रियहरु शिथिल हुदै जान्छन्, काम गर्न पनि असमर्थ हुदै जान्छ र पूर्ण रुपमा उ अरुमाथि आश्रित हुन वाध्य हुन्छ। वृद्धावस्था स्वभाविक एंव प्राकृतिक प्रक्रिया हो, जुन मानव जीवनमा अवश्यम्भावी छ।

हाम्रो समाज परम्परागत वर्ण व्यवस्थामा आधारित छ। त्यसैले यहाँको जीवनशैली र संस्कारहरु वैदिक सनातन आदर्शले भरिएका छन्। बाबु आमा र गुरुजनको सेवा गर्ने प्रचलन प्राचनीकालदेखि नै थियो। वेद उपनिषद् र पुराणहरुमा पितृ देवो भव, मातृदेवो भव आदि मन्त्रहरु छन्। जसले गर्दा आमा बाबु देवता समान् हुन् भन्ने भावनाले समाज निर्देशित छ। यस्तो आदर्शबाट हुर्किएको नेपाली समाजमा आमाबाबुको सेवा गर्नु परम् कर्तव्य मानिथ्यो र मानिन्छ पनि।

नेपाली समाजले पारिवारिक प्रमुखको रुपमा वृद्धहरुलाई आदरणीय स्थान दिएको पाइन्छ। संसारका कतिपय मुलुकहरुमा वृद्धवृद्धा र अशक्तको लागि सरकारले गास, वास र कपासको बन्दोवस्त गरेको पाइन्छ भने हाम्रो समाज संयुक्त परिवार प्रथा र परम्परागत रुपमा चल्दै आएकोले बूढाबूढीहरु जीवनभर आफ्ना छोरा बुहारी नातिहरुमा आश्रित रहेको देखिन्छ।

विश्वमा बढ्दो औद्योगिकीकरण, शहरीकारण, आधुनिकीकरण जस्ता कारणहरुले गर्दा संयुक्त परिवार प्रथा हटेर एकल परिवार प्रथा बढिरहेको छ। समाज दिनपर दिन व्यक्तिवादी बन्दैछ। हाम्रो समाजमा पनि पश्चिमी देशहरुको देखासिकी र नक्कल गर्ने प्रवृत्तिले गर्दा संस्कार र संस्कृतिमा परिवर्तन आएको छ। सामाजिक, धार्मिक, सांस्कृतिक परम्परागत मूल्य र मान्यतामा आएको परिवर्तनहरुले गर्दा परम्परागत र ग्रामीण समाजको बाहुल्य भएको हाम्रो समाजमा पश्चिमी समाजमा जस्तो वृद्धहरुको समस्या नदेखिए पनि अबका दिनहरुमा हाम्रो समाजमा पनि बृद्धवद्धाहरु सम्बन्धी समस्या बढेर जाने कुरा प्रष्ट रुपमा देखिएको छ। जुनसुकै समाजमा पनि वृद्धहरुको स्थान उच्च हुनुपर्ने भए पनि प्रायः वृद्धहरुको अवस्था दयनीय देखिन्छ। वृद्धहरु आफूले जन्माएको सन्तान तथा आफन्तहरुबाट नै अपहेलित तथा अपमानित हुन पुग्छन्। संसारका विभिन्न मुलुकहरुमा वृद्धावस्थामा वृद्धवृद्धाहरुलाई समाजमा सम्मानसाथ बाँच्ने अधिकारलाई सुरक्षित गरी शान्त वातावरणमा आफ्ना सबै चिन्ताबाट मुक्त भई हाँसीखुसी जीवन व्यतित गर्न विशेष सुविधा सहितका वृद्धाश्रमको व्यवस्था गरिएको पाइन्छ। नेपालमा पनि यस्ता प्रकारका आश्रमहरु खोलिएका छन्। जसमा सबैभन्दा पुरानो पशुपति देवपाटनस्थित वृद्धाश्रम हो।

पश्चिमी समाजमा सामाजिक सुरक्षा कोषबाट सरकारले वृद्धवृद्धाहरुको सबै किसिमको हेरविचारको व्यवस्था मिलाइएको देखिन्छ। वृद्ध उपर मानवीय दृष्टिकोण अपनाई प्रभावकारी कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने उद्देश्यले अष्ट्रियाको राजधानी भियनामा सन्

१९८२ मा संयुक्त राष्ट्रसंघको तत्वावधानमा वृद्धवृद्धा सम्बन्धी विश्व सम्मेलन गरिएको थियो । जसको मुख्य उद्देश्य वृद्धहरुलाई सामाजिक तथा आर्थिक सुरक्षा प्रदान गर्नुको साथै विकास प्रक्रियामा भाग लिने अवसर प्रदान गरी त्यसको फलको उपभोगमा सरिक गराउने थियो । यो विश्व सम्मेलन वृद्धहरुको समस्या उपर भएको संयुक्त राष्ट्रसंघको सबैभन्दा महत्त्वपूर्ण सम्मेलन थियो । साथै यो सम्मेलन महत्त्वपूर्ण यस कारणले थियो कि यसमा भागलिने सबै व्यक्ति बुढ्यैली अवस्थातिर अगाडि बढ्दै थिए । केही बूढाबूढी पनि थिए। त्यस्तै सन् १९८० र १९८२ मा मेक्सिकोमा र फिलिपिन्समा वृद्धहरुको समस्याहरुलाई लिएर सम्मेलनहरु भएका थिए । यी दुवै सम्मेलनमा नेपालले पनि भाग लिएको थियो (**जनसख्या आयोग, २०३९**)।

वृद्धअवस्था जीवन पद्धतिको लागि विभिन्न प्रकारका वृद्धाश्रमहरु बन्न थालिसकेका छन् । ती आश्रमहरु सरकारी, व्यक्तिगत, गैरसरकारी, धार्मिक आदि रुपमा स्थापित छन् । वृद्धावस्थाको समस्यालाई समाधान गर्न एकातिर वृद्धहरुको लागि कल्याणकारी कार्यक्रमहरु संचालन गरी उनीहरुको जीवनयापनमा सुधार गर्न सकिन्छ भने अर्कोतर्फ वृद्धहरुले आफ्नो ज्ञान, सीप, अनुभवबाट समाजको निमित्त केही दिन सक्छन् किनभने बुढेसकाल प्रवेश गर्ने वित्तकै वुद्धि, प्रतिभा र गुण समाप्त भएको हुदैन । त्यसकारण वृद्धवृद्धा सम्बन्धी खोजी गर्नु र उनीहरुको वास्तविक समस्या पहिल्याई तिनका समस्याका निराकरणका उपायहरु  खोज्नु आजको आवश्यकता हो । यसै कारणले यस शोधपत्रमा स्याङ्जा केलादीघाट स्थित श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुमा केद्रित रहेर उनीहरुको सामाजिक, सांस्कृतिक पृष्ठभूमि र वृद्धाश्रम सम्वन्धी अध्ययन गरिएको  छ ।

### १.२ अध्ययनको समस्या

मनव जीवनका वाल्यावस्था, यौवनावस्था, प्रौढावस्था र वृद्धावस्था गरी चार अवस्था मध्ये वृद्धावस्था सबैभन्दा अन्तिम र अशक्त अवस्था हो । शरीर क्षीण हुँदै गएपछि मान्छे वृद्ध अवस्थामा पुग्छ । यस आवस्थामा सहाराको जरुरत पर्दछ । आजको बदलिंदो समयमा हाम्रो दैनिक जीवनदेखि लिएर हरेक संस्कारमा पश्चिमी प्रभावले जरो गाडेको छ । हामी परम्परावादी नभएर पश्चिमावादी बनिसकेका छौं । हाम्रो खानपान पहिरनमा मात्र होइन धार्मिक कियाकलाप, विभिन्न उमेर र अवसरमा सम्पन्न गरिने संस्कारमा समेत पश्चिमी

प्रभाव परेको  देखिन्छ। त्यसैले वृद्धाहरुलाई हेर्ने दृष्टिकोण फरक बनिसकेको छ। जसका कारण वृद्धहरुले प्राप्त गनुपर्ने स्याहार, सुसार, सम्मान र सत्कार प्राप्त गर्न सकेको पाइदैन। हाम्रो समाजको सभ्य संस्कृति र उदार सामाजिक संरचना विस्तारै साँघुरिदै गएको पाइन्छ। विज्ञानको द्रुत प्रगतिले सूंचना र सञ्चारको जति विकास भएपनि मान्छेका सोचाई र संस्कारमाा खासै परिवर्तन भएको देखिदैन। पश्चिमी संस्कृतिको अन्धानुकरणले मान्छेमा सेवा र समर्पण भाव विलीन प्राय भइसकेको छ। जसले गर्दा समाजका धरोहर मानीएका वृद्धवृद्धाहरुप्रति गर्नुपर्ने सम्मान र सत्कारका विपरित घृणा र उपेक्षा बढ्दै गएको पाइन्छ। यसो हुनु भनेको वर्तमान पुस्ता ठगिनु नै हो। त्यसैले वृद्धवद्धाहरुको आचारज्ञान, जीवनभोगाइमा प्राप्त गरेका अनेक ज्ञान र अनुभवबाट प्रशस्त प्रेरणा लिएर वर्तमान पुस्ताले भावी पुस्ताका निम्ति उन्नत समाजको बलियो आधारसिला तयार गर्नुपर्ने आवश्यकता देखिन्छ। अतः उनीहरुको स्याहार, सुश्रूषा र संरक्षण गर्नु वर्तमान पुस्ताको कर्तव्य पनि हो। यसै सन्दर्भमा स्याङ्जा जिल्लाको केलादिघाटमा स्थित “श्री राधा दामोदर आरोग्य वृद्धाश्रम”मा आश्रित वृद्धवृद्धाहरुको बारेमा कुनै व्यक्ति संघ, संस्था वा सरकारी स्तरमा समेत आजसम्म कुनै अध्ययन हुन सकेको देखिदैन। प्रस्तुत सन्दर्भमा यस आश्रममा बस्ने वृद्धवृद्धाहरु कतिपय घरपरिवारबाट आवश्यक हेरचाह नपुगेर, कतिपय वृद्धवृद्धाहरु आर्थिक स्थिति कमजोर भएर, कतिपय वृद्धवृद्धाहरु निसन्तान भएर त कतिपय वृद्धवृद्धाहरु विरक्तिएर वृद्धाश्रममा बाँकी जीवनयापन गर्न बाध्य भएका छन्।

त्यसैले विभिन्न दृष्टिकोणले वृद्धवृद्धा सम्बन्धी खोजी कार्य गर्नुपर्ने वास्तविकता छ। अतः यस सम्बन्धी खोज, अनुसन्धान, लेखन आदि कार्यहरु पर्याप्त मात्रमा भएका पाइदैनन्। अतः प्रस्तुत अध्ययनमा यिनै मुख्य समस्यामा आधारित भई समाधानका उपाय र विधिहरु खोज्ने प्रयास गरिएको छ।

यो अध्ययनले निम्न प्रश्नहरुको उत्तर खोज्ने जमर्को गर्दछ।

१. आश्रममा आश्रित वृद्धवृद्धाहरुको के कस्तो जीवन शैली रहेको छ ?

२. कस्तो सामाजिक र सांस्कृतिक पक्ष भएका वृद्धवृद्धाहरु यस आश्रममा आश्रित छन ?

३ृ वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको स्वास्थ्य स्थिति कस्तो रहेको छ ?

४. वृद्धवृद्धाहरुका साथै आश्रम व्यवस्थापनका के कस्ता समस्याहरु विद्यमान छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत वृद्धाश्रमको अध्ययनका उद्धेश्यहरु निम्नलिखित छन् :–

**सामान्य उद्धेश्य**

१. श्री राधा दामोदर आरोग्य वृद्धाश्रम स्याङजामा आश्रित वृद्धवृद्धाहरुको जीवन शैली हेर्नु यो अध्ययनको सामान्य उद्धेश्य रहेको छ भने ।

**विशिष्ट उद्धेश्यहरु निम्न रहेका छन्**

१. वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको सामाजिक, सांस्कृतिक पक्षको अध्ययन गर्नु ।

२. आश्रममा वसोवास गर्ने वृद्धवृद्धाहरुको स्वास्थ्य स्थितिको जानकारी गर्नु ।

३. आश्रम तथा आश्रितका समस्याहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

आजको युग विज्ञानको युग हो । जसमा विभिन्न उपकरणहरु बनेका छन् । विभिन्न औषधिहरु बनेका छन् । त्यस्तै मानिसहरुमा पनि अन्य कुराहरुका साथै स्वास्थ्य सम्बन्धी चेतना आइसकेको छ । जसले गर्दा मानिसको आयु लम्बिदै गएको पाइन्छ । सन् १९५० को दशकमा जम्मा औषत आयु ३० वर्ष मात्र रहेको नेपालमा हाल ६४ वर्ष औषत आयु पुगिसकेको छ । मृत्यु दरमा सुधार हुनाको मुख्य कारण स्वास्थ्य सेवामा वृद्धि हुनाले हो । जुनकारणले गर्दा अन्य देशमा वृद्धवद्धाहरु सम्बन्धी समस्या परे जस्तै नेपालमा पनि पर्न थालिसकेको छ । त्यसै कारणले यसको सम्वन्धमा विस्तृत जानकारी दिलाई सम्वन्धित संस्था र व्यक्तिहरुलाई योजना र कार्यक्रमहरु निर्माण गर्न सहयोग होस भनेरनै अध्ययनको लागि यो विषय छानिएको हो । अहिले वृद्धवृद्धाहरुको अनुपात बढ्दै गएको र उनीहरुको सुरक्षामा राज्यले लगानी बढाउदै लानु पर्ने अवस्थामा वृद्ध उन्मूख योजना तर्जुमामा समेत यस किसिमको अध्ययनको औचित्य रहन्छ ।

जनसंख्यामा हुने परिवर्तनले गर्दा देशको आर्थिक र सामाजिक जीवनमा पनि प्रभाव पार्दछ । त्यसैले जनसंख्यामा वृद्धि त्यसमा पनि वृद्धवृद्धा (जो आश्रित जनसंख्या) को बढिरहेको जनसंख्याले समस्या उत्पन्न गर्न सक्दछ । यसको लागि वृद्धावृद्धाहरुको आर्थिक, सामाजिक स्थिति सम्बन्धी खोजी गर्ने उद्धेश्यले यस विषयको अध्ययन गरिएको हो । वृद्धाश्रम स्थापना भईसकेको धेरै भइसक्दा पनि यस विषयमा आजसम्म खासै अध्ययन अनुसन्धान हुन सकेका छैनन् । त्यस्तै केही मात्रामा व्यक्तिगत, सरकारी, गैर सरकारी, धार्मिक रुपमा वृद्धाश्रममा

पर्नसक्ने समस्याहरुको पनि समयमै समाधान गर्नलाई सहयोग पुग्ने उद्धेश्यका साथ प्रस्तुत अध्ययन गरिएको हो ।

### १.५अध्ययनको सीमा

सीमित स्रोत साधन र समयमा निश्चित क्षेत्र र वस्तुको मात्र अध्ययन गर्न सम्भव हुन्छ । त्यसैले अध्ययन क्षेत्रको लागि स्याङ्जा जिल्लाको केलादिघाटमा स्थित श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुलाई अध्ययनको रुपमा लिइएको छ । सो आश्रममा गरिएको अध्ययनको नतिजाले अन्य समग्र वृद्धाश्रमको र त्यहाँ आश्रित वृद्धवृद्धाको विशेषताहरुको मात्र आंकलन गर्न सकिन्छ ।

### १.६ संगठनात्मक स्वरुप :

प्रस्तुत अध्ययनलाई जम्मा सात वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको सामान्य पृष्ठभूमि, समस्या, उद्वेश्य, औचित्य र संगठनात्मक स्वरुप समावेश गरिएको छ भने दोस्रो अध्यायमा सन्दर्भ साहित्यको समीक्षाको साथै अवधारणात्मक खाका राखिएको छ। तेस्रो अध्यायमा अनुसन्धानका विभिन्न विधिहरुको बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा आश्रममा आश्रित वृद्धवृद्धाहरुको सामाजिक, सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । पाँचौ अध्यायमा आश्रममा आश्रित वृद्धवृद्धाहरुको स्वास्थ्य स्थितिको विश्लेषण गरिएको छ । छैठौं अध्यायमा आश्रम र आश्रितका समस्याहरु बारेमा अध्ययन गरिएको छ । अध्याय सात वा अन्तिम अध्यायमा सारांश, निश्कर्ष र सुझाव राखिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ वृद्धवृद्धा सम्वन्धी अवधारणा र सिद्धान्तहरु

वृद्धवृद्धाहरुको बारेमा विभिन्न पौराणिक कथन र साहित्यिक लेखहरु सुन्न तथा पढ्न पाइन्छ। त्यस्तै हाम्रो समाजमा विभिन्न उखान टुक्काहरु प्रचलनमा रहेका छन्। "आगो ताप्नु मूढाको कुरा सुन्नु बूढाको", "केटालाई जिस्काए गाली पाइन्छ, बुढालाई जिस्काए बुद्धि पाइन्छ", " मूढा भए धेरै आगो पाइन्छ , बूढा भए धेरै ज्ञान पाईन्छ" भनेर पाका मानिसहरुको अनुभव र परामर्शको सम्मान गर्ने चलन छ (**मोक्तान, ०५८**)।

हिन्दु धर्म ग्रन्थमा "मातृ देव भव"? भन्ने मन्त्र लेखिएको छ, हिन्दू धर्मशास्त्रको स्तोत्ररत्नावलीमा "आमा पतित नै भएपनि आमाको स्याहार सुसार गर्नुपर्छ "? भनि लेखिएको छ। धर्म नै मानवको मार्ग दर्शनको एक मात्र बाटो हो, वृद्ध मातापिताको स्याहार सुसार गर्नबाट सन्तानले हात नधोउन् भन्ने उद्धेश्यले आमाबाबुको महत्वबारे उल्लेख गरेर आमाबाबुलाई देवता समान मान्नु पर्छ भनिएको छ।

वृद्धा अवस्था मानव जीवनको एक महत्वपूर्ण र मानव जीवनमा आइपर्ने विभिन्न चार अवस्थाहरु मध्ये अन्तिम अवस्था हो। यसलाई नेपाली वृहत् शब्दकोशामा यसरी परिभाषित गरिएको छ – धेरै उमेर भएको, विद्या, अनुभव आदिले परिपक्व भएको मानिस, बुढोपाको व्यक्ति, छरछिमेकको प्रतिष्ठित पाको अवस्थालाई वृद्ध भनिन्छ (**पराजुली, ०५५**)।

श्रीमद्भागवत महापुरणमा ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र सवै वर्णका मानवजातिको जीवन कर्तव्यको व्याख्याका प्रसङ्गमा वृद्धावस्थाको उत्तरार्ध ७५–१०० सम्मको उमेरको अवस्थालाई सन्यासवस्था भनिएको छ। यस अवस्थामा मानिसले आफ्ना कर्महरुको संस्मरणका साथ भगवानको आराधना गरी ममतारहित भएर जीवन निर्वाह गर्दै परमेश्वरकै अंशका रुपमा रहेको जीवनलाई परमात्मानै लय गरोस् भनिएको छ। (**ज्ञवाली, ०६३**)

कवि भरतराज पन्तले काव्यात्मक रुपमा वृद्ध व्यक्तिको यस्तो परिभाषा दिएका छन् –

“बुढो अनुभवी मान्छे जिउँदो इतिहास हो। बुढो भविश्यको निम्ति प्रेरणा र प्रकाश हो”। पन्तका अनुसार वृद्धावस्था सिङ्गो जीवनको अनुभव संगालेको परिपक्व अवस्था हो। इतिहास पनि हो भने भविश्यका निम्ति प्रेरणा र प्रमाण पनि हो (**पन्त,०४५**)।

## २.२ पूर्व अध्ययनहरुको निचोड

नेपालका वृद्धवृद्धाहरुको सामाजिक तथा आर्थिक स्थिति बारे सर्वप्रथम सरकारी तवरबाट वागेश्वरी दत्त चतौट, जय नारायण मण्डल, चण्डी प्रसाद श्रेष्ठ एवम नागेश शर्माद्धारा २०४५ सालमा गरिएको समाज कल्याण केन्द्र वृद्धाश्रम, पंञ्चदेवल देवपत्तनको स्थलगत अध्ययन अनुसार वृद्धाश्रम तथा आश्रित वृद्धवृद्धाहरुको बारेमा निम्न कुराहरु उल्लेख गरिएको छ।

आश्रितहरुलाई उपचार प्रर्याप्त बजेट नभएको, आजभन्दा करिब ११८ वर्ष अगाडि बनेको वृद्धाश्रम भवन अत्यन्त जीर्ण अवस्थामा रहेको छ। भवनको बनावट पुरानो भएबाट स्वास्थ्यको लागि आवश्यक उज्यालो, हावा, आवास परिवेश अत्यन्त न्यून छन्। सानो प्रकोष्ठ भित्र आश्रितहरु सुत्ने ठाउँमा कतै एउटाको टाउको अर्को संग जोडिएको छ भने कतै सुत्ने खाटहरु आपसमा टाँसिई मुक्त आगमनमा वाधा भएको छ। “शारीरिक एंव मानसिक रुपले अशक्त, असक्षम र समाजमा पिछडिएका वर्ग तथा समुदायको कल्याण तथा पुनस्थापना सम्बन्धि कार्यक्रमहरु प्रभावकारी ढङ्गले चलाउनु पर्छ”। यसका साथै वृद्धाश्रममा समाज कल्याण सम्बन्धि कार्यक्रमको लागि त्यहाँ कार्यरत कर्मचारुलाई उचित तालिम नभएको भन्ने पनि उल्लेख गरिएको छ (**चटौत/ जय नारायण मण्डल/ चण्डी प्रसाद श्रेष्ठ/ नागेश शर्मा, ०४९**)।

आजको बढ्दो वृद्धवृद्धाहरुको जनसंख्या तथा उनीहरुमा आई पर्ने विभिन्न सामाजिक, आर्थिक तथा स्वास्थ्य जस्ता विविध समस्याहरुमा केन्द्रित रहेर सरकारी तवरबाट सर्व प्रथम सन् २००९ मा “नेपाल वृद्धाश्रम केन्द्र” का नामले दर्ता भएको अफिस बत्तिस पुतली काठमाण्डौमा स्थापना भएको छ। यस कार्यालयले नेपालका विभिन्न भागहरुमा रहेका वृद्धवद्धाहरुको सरकारी तथा गैरसरकारी तवरबाट सेवा पु-याउने लक्ष्य राखेको पाइन्छ। यस वृद्धाश्रम केन्द्रमा वृद्धवृद्धाहरु बारे निम्न क्रियाकलापहरु संलग्न रहेको पाइन्छ।

१. दैनिक सेवा, फिजीयो थेरापी, योग, आध्यात्मिक कार्यक्रम, मनोरञ्जनात्मक कार्य, पुस्तक लाइब्रेरी, आयुर्वेदिक स्वास्थ्य कार्य, तातोपानी , स्वास्थ्य परिक्षण स्वस्थ्य खाना, तीर्थस्थल तथा आफ्नो इच्छा अनुसार भ्रमण साथै यस्ता किसिमका कार्य उपलव्ध गराउने ।

२. दैनिक सेवामा पर्ने कार्य उपलव्ध गराउने ।

३. समुदाय तथा पारिवारिक सेवा– यस वृद्धाश्रम केन्द्र नेपालले समुदायमा सेवा प्रदान गर्ने, संस्था तथा घरघरमा दैनिक स्वास्थ्य परीक्षण ट्रेनिङ, वृद्धाश्रमको सपोट, वृद्धवृद्धाहरुको लागि काउन्सेलिङ जस्ता पक्ष उपलव्ध गराउने ।

४. यस कार्यालयले वृद्धवृद्धाहरु सम्वन्धी विभिन्न स्रोतसाधनहरु उपलव्ध गराउने –जस्तै पमलेस्ट, बुक, पोस्टर साथै मीडियासम्म पुग्ने पत्रपत्रिका, रेडियो तथा टी.भी. का माध्ययमाबाट जनता समक्ष प्रचार प्रसार गराउने ।

५. अन्य सेवामा –यस वृद्धाश्रम कार्यालयले ठुलो नेटवोर्क विकास गरेको छ जसका कारण प्रोजेक्ट प्रपोजल, प्रोजेक्ट योजना, उपयोगिता, विकास, उद्विकास साथै वृद्धवृद्धाहरु बारे वैज्ञानिक अनुसन्धान गर्न यसले सहयोग गर्दछ ।

६. यसले ट्रेनिङ प्रोग्रामहरु उपलव्ध गराउछ जस्तै – स्वास्थ्य कार्य, शिक्षक, वृद्धअवस्थामा घरको व्यवस्था, वृद्धाहरुमा हुने घरायसी रोगहरुको व्यवस्थापन। **(www.gecenep.com date 11th Feb 2013 )**

**वृद्धाहरुमा हुने घरायसी रोगहरुको व्यवस्थापन**

जनसंख्याको अस्वभाविक वृद्धि संगै नेपालमा वृद्धाहरुको स्वास्थ्यमा पनि ध्यान पुगेको छ। तर केही वुढेसकालमा लाग्ने रोगहरुको व्यवस्थापन गर्न नसक्नु नै मुख्य समस्या हुन आएको छ। प्रत्यक्ष स्वास्थ्य क्षेत्रमा गरेको अनुसन्धानले के देखाएको छ भने ५० प्रतिशत मानिसहरु मात्र सामान्य रोगहरु जस्तै ग्यास्ट्रिक, उच्चरक्तचाप र अन्य सामान्य रोगहरुको उपचार गरेका छन् जसमध्ये महिलाहरु यसबाट वढी बन्चित भएका छन्। यस्तो समस्या बाट धेरै जसो वृद्धहरु जो ७०–७५ वर्षका छन् उनीहरुमा देखिएको छ कारणहरु घरमा राम्रो स्वास्थ्य संग जानकार व्यक्ति नहुनु, आर्थिक अभाव हुन सक्छन् साथै पुर्नजागरणका कार्य तथा पौष्टिक खानाले पनि यस्तो समस्या देखिनुमा मुख्य भुमिका खेलेको छ (**खनाल र गौतम, २०११**)।

वृद्धावृद्धाहरुको सामाजिक सुरक्षा सेवाको लागि नेपाल सरकारले ७० वर्ष माथिको वृद्धवृद्धाहरुको लागि जेष्ठ नागरिक उपादान स्वरुप प्रतिमहिना रु ५०० र ६० वर्ष नाघेका विधवा महिलाहरुलाई प्रतिमहिना रु ५०० दिने गरेको छ। जसलाई महिला तथा बालबालिका मन्त्रालयबाट स्थानीय निकाय मार्फत वितरण गर्ने व्यवस्था गरिएको छ। देशका वृद्धवृद्धाहरुको आधारभुत आवश्यकता पूर्तिको लागि उनीहरुलाई स्वयम सक्षम बनाउनको लागि जेष्ठ नागरिक उपादानको व्यवस्था गरेको हो र हालसम्म प्राप्त तथ्याङ्क अनुसार जेष्ठ नागरिकहरुको जीवनस्थर सुधार भएको र केहीहदसम्म उद्वेश्य पुरा भएको छ। जसको फलस्वरुप परिवारमा अपहेलित जेष्ठनागरिकहरुमा आत्मविश्वास बढ्दै आएको छ (**जेष्ठ नागरिक सामाजिक सुरक्षा सेवा**) ।

**समाजमा वृद्धहरुको महत्व /उपयोगिता :**

हाम्रो बहु सांस्कृतिक, बहु धार्मिक मुलुकमा वृद्धहरुलाई महत्वपूर्ण स्थान राखिएको पाइन्छ। परिवारमा सबै भन्दा उच्च स्थान जेष्ठ नागरिककै हुन्छ। कुनै पनि पारिवारिक कार्यको नर्णय उसैबाट हुन्छ साथै समाजमा पनि अनुशासितका कुरा, न्यायका कुरा, उत्तरदाईत्व बहन जस्ता कार्य जेष्ठ नागरिक बाटनै हुने गर्दछ। हाम्रो सामाजिक, धार्मिक र परम्परित मान्यतामा पनि वृद्धहरुलाई आदर सत्कार गर्नुपर्दछ भन्ने धारणा रहेको पाइन्छ। वृद्धावस्थाको ८० वर्ष देखि ९० वर्षको विचमा चौरासी पूंजा गर्ने गरिन्छ। यसको सांकेतिक अर्थ वृद्धहरु भगवान् स्वरुप हुने गर्दछन् भन्ने हो जसका कारण हाम्रो महान् चाड दशैमा पनि वृद्धहरुको हातबाट टिका लगाएमा आशिर्वाद मिल्छ भन्ने भनाई रहेको विश्वास छ ( **श्रेष्ठ, २००७**) ।

**काठमाण्डौंका वृद्धाश्रम र जेष्ठ नागरिक बारे गरिएको सर्वेक्षण तथा निर्क्यौल**

२००७ अक्टोबर देखि नोभेम्बर सम्म जेष्ठ नागरिक र वृद्धाश्रमका बारेमा प्रदीप आचार्यद्वार गरिएको सर्वेक्षणमा काठमाण्डौं, भक्तपुर र काभ्रेपलाञ्चोकका विभिन्न सातवटा वृद्धाश्रमका आश्रित जेष्ठ नागरिकहरु संग प्रतिक्रिया लिंदा वृद्धाश्रमका बारेमा बहुसंख्यक वृद्धवृद्धाहरुको सकारात्मक धारणा पाइनुका साथै। ती वृद्धवृद्धाहरुले आफ्ना परिवारसंग भन्दा वृद्धाश्रममै बस्ता सजिलो र रमाइलो अनुभव बताएको कुरा उल्लेख छ (**आर्चाय, २००७**) ।

वृद्धावस्था जीवनको एउटा अवस्था हो जसको विग्रीदो अवस्थाले के उजागर गर्छ भने उनीहरुले भोग्नु पर्ने भौतिक, मनोवैज्ञानिक समस्याहरु तथा जेष्ठ नागरिकहरुको सामाजिक र मनोवैज्ञानिक अवस्थाको बारेमा केन्द्रित गर्दछ । भारतको हरियाणा राज्यमा त्यहाका ३० महिला र ३० पुरुषहरुको १० भिन्दै समस्याहरुलाई लिएर गरिएको अध्ययनमा उनीहरुको सामाजिक, आर्थिक र मनोवैज्ञानिक अवस्था अनुसार बहुसंख्यक वृद्धाहरुमा वितृष्णा भएको पाइन्छ भने कसैमा सकरात्मक धारणा देखिन्छ । तर समग्रमा परिवारका सदस्यहरुले गरेको घृणाका कारण आफ्नो घरको बातारणमा बस्न आफुलाई असहज ठानेको पाईन्छ **(Kamla, 2007)** ।

## बढ्दो उमेर संगै मानिसको मनोवैज्ञानिक विकासका मुद्धाहरु

१. बढ्दो उमेर संगै देखिने ज्ञानेन्द्रियको ह्रास मनोवैज्ञानिक अवकासको पहिलो मुद्धा हो ।

२. दोस्रो मुद्धा भनेको उनीहरुको व्यक्तिगत जिन्दगीमा देखिने तीता अनुभवहरु हुन् ।

३. तेस्रो मुद्धा भनेको आफ्नो जिन्दगीको अन्तिम घडी वा मरण हो । प्रायजसो मानिसका लागि उनीहरुको डर भनेको काम गर्न सक्ने क्षमतामा ह्रास, कमजोरी, निर्णय लिन नसक्ने अवस्था र अरुमा निर्भर रहनु पर्ने अवस्था हो **(Kvale, 2002)**।

## सफल बुढौलीपन

सफल बुढौलीपन भनेको विभिन्न क्रियाकलापहरुमा परिवर्तन ल्याएर उत्तम वृद्धावस्था हुनु हो । सफल बुढौलीपनका लागि विशेष गरेर ३ वटा धारणाहरु छन् :

१. रोग र रोगसंग सम्वन्धित कमजोरीको संभाव्यताको ज्ञान

२. उच्च ज्ञान र शारीरिक /भौतिक कार्य गर्ने क्षमता

३. आफ्नो जीवनलाइ आफ्नो संलग्नताद्धारा व्यस्त राख्नु ।

यसरी माथिका बुँदाहरुमा वृद्धावस्था कुनै अप्ठ्यारो अवस्था नभएर जीवनका अरु अवस्थाझै यस अवस्थालाई सहज रुपले लिनुपर्छ भन्ने आत्मवल प्रदान गरेको छ **(Sunil, 2002)** ।

वृद्धाहरु ज्ञानका भण्डार हुन् । उनीहरुको आफ्नो जीवनकालमा धेरै तितामीठा अनुभवहरु हासिल गरेका छन् र कोही त शिक्षित पनि छन् । यी वृद्धवृद्धाहरुलाई उपयुक्त वातावरणमा उपयुक्त खानपिन, बास र स्वास्थ्य उपचार दिइएमा यिनीहरुको स्वास्थ्यमा सुधार भई आफुमा भएको ज्ञान र सीपलाई व्यवहारमा उतार्न सक्तछन् । जुन वृद्धवृद्धाहरुको लागि मात्र फलदायी नभएर समाज देश र विश्वकै लागि पनि फलदायी हुन सक्तछ र यसतर्फ भने

परिवार, समाज, संस्था एवं सरकारको कुनै ध्यान पनि नभएको देखिन्छ। यसको विपरीत वृद्धवृद्धाहरुलाई उनीहरुको बाँकी जीवन सुखमय तुल्याउन र उनीहरुलाई आफ्नो स्वेच्छामा बाँच्न दिनुपर्दछ, यही नै हाम्रो धर्म हो र मुक्तिको मार्ग पनि हो (**थापा, २०६२**)।

'दीर्घायु जीवन सुनिश्चित भविष्य' भन्ने नाराका साथ असोज १५, २०६९ मा विश्वभर अन्तराष्ट्रिय दीवस मनाइएको थियो जसमा समाजलाई अहिलेको अवस्थामा ल्याइपुर्‍याउने हिजोका युवा शाक्तिनै जेष्ठनागरिक भएकाले सबैले जेष्ठनागरिकलाई उच्च सम्मान दिनु पर्दछ। जेष्ठ नागरिकको अनुभव, सीप र ज्ञान उपयोग गरी देश निर्माणका लागि जुट्नु पर्ने। वृद्धावस्थाको व्यक्तिहरुले भोग्नुपरेको कष्टकर जीवनलाई सहज बनाउनु पर्ने जेष्ठ नागरिकको जोखिमपूर्ण जीवनयापनलाई सुधार गर्न यूवापस्ताको जीम्मेवारी हुन्छ (**राष्ट्रपति रामवरण यादव**)। दक्षिण एशियामा नै पहिलो पटक २०५२ सालमा जेष्ठनागरिकका लागि नेपाल सरकारले वृद्धाभत्ताको व्यवस्था गरेको थियो। यसले वृद्धावृद्धाहरुको जीवनमा थोरै भएपनि सहजता ल्याएको छ।

विश्वमा बढ्दै गएको मानिसको सरदर आयुको प्रभावका कारण नेपालमा पनि जेष्ठनागरिकको संख्या बढ्दै गएपछि र त्यसलाई सहज र सम्मानजनक बनाउन आवश्यक भएको बताइएको छ। संसारमा ६० वर्ष उमेर पुगेका मानिस ७६ करोड छन् भने यो संख्या सन् २०५० सम्ममा दुई अर्व पुग्ने अनुमान गरिएको छ । २०६८ सालको जनगणना अनुसार ६० वर्ष उमेर पुगेका नागरिकको कुल जनसंख्या नौ प्रतिशत अर्थात २५ लाख छ ( **रा.स.स, २०६९**)।

वृद्धाश्रममा बस्नेगरी के कस्ता वृद्धहरु आउँछन् भन्ने कुराको विश्लेषण गर्दै भनेका छन् "वृद्धाश्रममा बस्न आएकाहरुको सामाजिक पक्षलाई केलाउँदा सामाजिक घर परिवारबाट तिरस्कार, शारीरिक असफलता एक्लो भएर र दुःख पाएर त्यस आश्रममा आश्रित हुन पुग्छन्" (**भट्टराई, २०४१**)।

वृद्ध मानिसहरु समाजका महत्वपूर्ण सदस्य हुन्। यिनिहरु प्रति मान्छेका दृष्टिकोण फरक फरक हुन्छन्। Ethiopia मा गरिएको एक जनसंख्या प्रतिवेदन अनुसार १५ देखि ४९ वर्ष सम्मका मानिसहरु प्रजनन् उमेरका रुपमा लिईन्छ भने ५० देखि माथिका मानिसहरुलाई समाजमा कम महत्व दिइएको छ। यो अध्यय विशेष गरी ग्रामिण भेगका वृद्धहरुको

जीवनशैलीमा आधारित छ Ensaro को Amhara भन्ने ठाउँमा गरिएको हो । यसका मुख्य उद्धेश्यहरु स्थानिय समाजमा भएका वृद्धहरुको जीवनयापन, संस्कृति र आर्थिक सञ्जाललाई समेट्नु थियो । यो अध्ययनले विभिन्न विषय जस्तै सुक्ष्म वृद्धको व्याख्या, जीउने शैली, लिङ्गमा आधारित क्रियकलाप, युवा र वृद्धा बिचको सम्बन्धको बारेमा प्रश्नोत्तर दर्शाएको पाईन्छ ।

यस अध्ययनको निष्कर्षमा वृद्धावस्थालाई जीवशास्त्र, प्रकार्य, मानसिक शास्त्र र सामाजिक परिवेशमा व्याख्या गरिएको छ । जवसम्म मानिसले उसको नित्य काम गर्न सक्छ तबसम्म उसलाई बुढो भनिदैन । वृद्धावस्थालाई तीन भागमा बाडिएको छ । ५५ देखि ६५ वर्ष सम्म यूवा वृद्ध, ६५ देखि ७५ वर्ष सम्म मध्य वृद्ध र ७६ देखि माथि वृद्ध वृद्ध भनिन्छ । समाजमा हुने सामाजिक कार्य, सरसल्लाह, समस्या, द्वन्द्ध जस्ता कार्यमा समाधान गर्ने सम्वन्धमा वृद्धवृद्धाहरुनै उत्तरदायित्व हुन्छन् **(Kifle, 2000 )**।

नोपालका धेरैजसो वृद्धवृद्धाहरु ग्रामीण क्षेत्रमा बस्छन् (८५%) । उनीहरु एकदमै फुर्तिला छन्–नातिनातिनाहरुको हेरचाह गर्ने, गाईवस्तु हेर्ने, हस्तकलाको काम गर्ने (डोको, मान्द्रो बुन्ने) काम पनि गर्ने गर्दछन् । ६५ वर्ष भन्दा माथिका वृद्धाहरु मध्ये ४७.१२% ले अझैपनि काम गर्न र आर्थिक रुपमा सवल छन् जसमध्ये ५९.१२% वृद्ध छन् भने वृद्धा ३४.३% मात्र छन् । महिलाको आम्दानी नदेखिनुको मुख्य कारण उनीहरुको घरायसी योगदानको मूल्याङ्कन नदेखिनुले हुन सक्छ **(MoPE, 2002)** ।

धेरैजसो वृद्धवृद्धाहरु कृषिमा भर परेका र गरिबिको रेखामुनी रहेका छन् । जसका कारण उनीहरु परिवारबाट भिन्न, अशिक्षित, स्वास्थ्य समस्याबाट पीडित, भेदभावबाट पीडित रहेका छन् । गरिबीकै कारण उनीहरुको स्वास्थ्य नराम्रो छ । उनीहरु आफ्नो गास, बास र कपास जस्ता न्यूनतम आवश्यकता पूर्ति गर्न समेत असमर्थ छन् । साथै पुरुषभन्दा पनि विधुवा महिला अझै बढी अपहेलित र पीडित छन् । यसका साथै वृद्धवृद्धाहरुको अरुमा आश्रित (भर पर्ने) दर बढिरहेको छ । १९९१ मा ७.५% थियो भने २००१ मा आइपुग्दा १२.०१ % पुगेको छ । हालसालै गरेको सर्वेक्षण अनुसार १७ % घरपरिवारमा ६० वर्षभन्दा माथिका घरमुलीका रुपमा पाईएको छ **(Dahal, 2007)** ।

जेष्ठ नागरिकलाई परिभाषित गर्ने विभिन्न आधारहरु छन् जसमध्ये उमेरको हद एक हो । विश्व स्वास्थ्य संगठनको अनुसार ६० वर्ष उमेर पुगेका नागरिकलाई हामी वृद्ध भनिन्छ ।

नेपालले पनि ६० वर्ष पुगेका आफ्ना नागरिकलाई जेष्ठ नागरिक भनि परिभाषित गरेको छ। नेपालमा उमेरको हदमा अवकास पाउन सेना प्रहरीमा सामान्यतया प्रमोसन नभएमा ४५ देखि ४८ वर्ष, सरकारी सेवामा ५८ वर्ष र प्राध्यापकको लागि ६३ वर्ष तोकेको छ **(Khanal , 2009)**।

धेरैजसो समाजमा पुरुषभन्दा महिलाहरु बढी समयसम्म बाँच्ने भएकोले यो प्रौढ जनसंख्यामा महिलाको जनसंख्या बढी छ। यसैगरी कायरोमा सन् १९९४ मा सम्पन्न जनसंख्या विकास सम्बन्धी सम्मेलनद्धारा पारित कार्ययोजनामा प्रौढ व्यक्तिहरुको जीवनस्तर उकास्न उनीहरुको इच्छा अनुसारको समयसम्म आफ्नै समुदायमा बसी कार्य गर्नसक्ने अवस्थाको सृजना र प्रौढ स्वाबलम्बनलाई वृद्धि गर्नुपर्ने कुरामा जोड दिएको छ। सो सम्मेलनले वृद्धहरुको स्वास्थ्य, हेरचाहका साथै आर्थिक तथा सामाजिक सुरक्षाको पद्धतिमा विकास गर्न पनि जोड दिएको भेटिन्छ।

संयुक्त राष्ट्रसंघ जनसंख्या कोषद्धारा प्रकाशित तथ्याङ्क अनुसार सन् १९५० मा विकसित देशमा प्रत्येक महिलाले २.८ जना सन्तान जन्माउथे भने हाल यो संख्या १.६ मा झरको छ। विकासोन्मुख राष्ट्रमा सोही अबधिमा जन्म दर ६.२ बाट झरेर तीन जना भएको छ। त्यस्तै सन् १९५० यता विश्वको औसत मृत्युदर वार्षिक प्रतिहजार २० बाट झरेर १० हुन पुगेको छ। त्यस्तै सन् १९५० यता मानिसहरुको औसत आयु ४४ बाट ६६ वर्ष भएको छ (**रा.स.स, २०५९**)।

बेइजिङ्ग (आई.पी.एस/एन.पी.आई) वृद्धवृद्धाको बढ्दो बोझ थपिदै जाँदा आउँदो शताब्दीमा पनि आर्थिक उच्च वृद्धिदर कायम राख्ने चीनको महत्वकांक्षा माथि व्यवधान आईपर्न सक्ने छ भनी विज्ञहरु बताउँछन्। चिनको विगत ४० वर्षमा लागु गरेका सामाजिक सुरक्षाका पद्धतिहरु सोभियत ढाँचाका थिए। सामाजिक सुरक्षा सम्बन्धी सम्पूर्ण खर्चहरु राष्ट्रको आर्थिक अवस्था जे– जस्तो भएपनि सरकारद्धारा व्यहोरिएका हुन्थे। तर अहिलेको चीन सोभियत शैलीबाट सामाजिक सुरक्षा क्षेत्रमा पनि बजार व्यवस्थातर्फ जाँदो छ। त्यसैले सामाजिक सुरक्षा प्रबन्ध भइरहेको छ। अहिलेको यो परिस्थितिले बुढ्यौलीतिर ढल्केका मानिसलाइ मार परेको छ। एक अर्ब वीस करोड जनसंख्या भएको चिनमा झण्डै बाह्र करोड बूढाबूढी छन्। जनसंख्याविद्हरु भन्छन् –६० बर्ष नाघेका मानिसको संख्या वर्षेनी २–३ प्रतिशतका दरले बढिरहेको छ भने उता जन्मदर १ प्रतिशत मात्र छ। सरकारी

अधिकारीहरु भन्छन् –सन् २०५० सम्ममा बूढाबूढीको संख्या ४० करोड पुग्ने छ, जुन चिनको कुल जनसंख्याको करिब एक चौथाई हुनेछ (**रा.स.स, २०५६**) ।

समाज कल्याण मन्त्रालयबाट सन् १९९९ सालमा निकालिएको एक पत्रिका 'श्रद्धासुमन' मा सन् १९९९ लाई वृद्ध वर्षको रुपमा मनाइएको सन्दर्भमा विभिन्न क्षेत्रका विशेषज्ञ तथा विद्वानहरुले आ –आफ्नो लेखमा व्यक्त गर्नु भएका निजी धारणाहरुका केही अंशहरुमा निम्न कुराहरु लेखिएका छन् ।

हिरण्यकुमारी पाठक समाजसेवी, कवियात्रीको विचारमाः "समय र परिस्थितिले गर्दा आजभोलि कसैले पनि आफ्नो घरको जेष्ठ व्यक्तिलाई ध्यान दिदैंनन् । कतिले अपहेलना नै गर्छन् भने कसैले तिरस्कार पनि गर्छन् । यसको साथैं वृद्धले पनि समयको माग र परिस्थिति संग संम्झौता गरी कतिपय कुरालाई वास्ता गर्दै नगरी सकरात्मक पक्षलाई मात्र स्वीकार्न सके आफ्नै परिवारमा बसेर परिवारको संरक्षण लिनु र वृद्ध आश्रमको तिरस्कृत जीवन बिताउनुमा पहिले नै सकरात्मक हुन्छ" (**कुमारी, १९९९**) ।

सामाजिक उपेक्षा कम गर्नको लागि वृद्धहरुका लागि गर्नुपर्ने कार्य बारे डा. लक्ष्मीनारायण ( वरिष्ठ समाज सेवी) लेख्छन् :–"सामाजिक उपेक्षा कम गर्नको लागि वृद्धवृद्धाहरुलाई आफ्नो सीप, शिक्षा, क्षमता र अनुभवको क्षेत्रमा काम गर्ने अवसर प्रदान गर्नुपर्छ ।" उनी अगाडि लेख्छन् –"हाम्रो देशमा ६० वर्ष नाघेका असंख्य वरिष्ठ नागरिकहरुका सीप, जाँगर, अनुभव र शक्ति खेर गईराखेको छ । समाजले वृद्ध अवस्थाका व्यक्तिमा निहित यी क्षमतारुपी अपार सम्पत्तिलाई सदुपयोग गरी जेष्ठ नागरिकलाई सम्मान गर्नुका साथै उनीहरुलाई समाजको सकिय नागरिकको रुपमा परिणत गर्न सकिन्छ । यसबाट नागरिकमा मनोबलको सृजना हुने तथा मानसिक नैराश्यता र हीन भावना पनि हट्नेछ ।"

फिलिपिन्सका समाजसेवा तथा विकास मन्त्रालयका मन्त्री Sylvia Montes ले सन् १९८२ को जनवरीमा एशियाका वृद्ध सम्बन्धी दिएको विचार यस प्रकार छ :– इ.सं. १९८२ लाई The year for the world assesmbly on the ageing भनी घोषीत गरेको छ, जसलाई स्वर्ण वर्ष पनि भन्न सकिन्छ । वृद्धहरुको जनसंख्यामा वृद्धि हुँदै जानु विश्वव्यापी प्रकीया हो । बिसौं शताब्दीको अन्ततिर एशिया महाद्वीप र प्रशान्त महाद्वीप क्षेत्रमा वृद्धहरुको

संख्या ११.५ करोड पुग्ने अनुमान गरिएको छ। ६० वर्षभन्दा माथिको जनसंख्या त्यतिबेलासम्म एशियाली महाद्विपमा १६ करोड पुग्ने अनुमान गरिएको छ।

यसमा पनि यो क्षेत्र (एशियाली भागमा) ६० देखि ९० प्रतिशत जनसंख्या ग्रामिण समाजमा बस्दछन्। खेती तथा कृषि उत्पादनमा आश्रित छन्, जुन राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो। धेरैजसो वृद्धहरु ग्रामीण तथा कृषक जनसंख्यामा पर्दछन् जसले गर्दा देशको आर्थिक उन्नतिमा विशेष योगदान पुगेको छ। यीनी वृद्धहरुको आर्थिक पृष्ठभूमि जस्तो भएपनि एशियाली महाद्विप र प्रशान्त महासागरीय क्षेत्रको परिवार र समाजमा यिनीहरुको अझै उच्च स्थान तथा सम्मान रहेको पाइन्छ। यिनीहरु बुद्धि, विवेक तथा अनुभवका प्रतिक हुन्। यिनीहरु ज्ञानी, दयालु तथा भलाद्मी हुन्छन् र यिनीहरुलाई एशियाली समाजको बलियो स्तम्भको रुपमा लिइन्छ। यी वृद्धहरु आफूभन्दा पछिका पुस्ताहरुलाई सधै उचित बाटोमा जाने निर्देशन गरेर एशियाली महाद्विपमा संस्कृति र नैतिकता जोगाउन ठूलो योगदान पुर्‍याएका छन् **(Montes, 1982)**।

## नेपालको विकास प्रकृयामा ज्येष्ठनागरिकहरूको स्थान

नेपालमा ज्येष्ठनागरिक सम्बन्धी साधन कार्यक्रमहरू वि.सं. २०४६ सालको जनआन्दोलन पछि आएको हो। तर यसको शुरुवात् भने सातौ योजनाबाट नै भएको थियो। नवौं योजनामा २०४५-५९ ले ज्येष्ठनागरिकका योग्यता,अनुभव,ज्ञान र योगदानको कदर गर्दैउनीहरूको सम्मान र संरक्षण गर्ने उद्देश्य लिएको थियो। प्रत्येक विकासक्षेत्रमा बृद्धाश्रम निर्माणगर्ने, पारिवारिक तहमा सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउने, भरणपोषण गर्नेलाई सुविधा प्रदान गर्ने, अस्पतालमा औषधि उपचारमा सहुलियत दिने, गैरसरकारी संघसंस्थालाई समेत परिचालन गरी बृद्धाश्रम स्थापना तथा सञ्चालन गर्ने, उनीहरूका अनुभवलाई राष्ट्रनिर्माणमा सदुपयोग गर्ने, मनोरञ्जन तथा यातायातका साधनमा सहुलियत दिन ७५ वर्ष माथिका ज्येष्ठनागरिकलाई सुरक्षा प्रदान गर्ने नीति लिएको थियो। तर स्रोतसाधनको अभाव, आवश्यक कानुनी व्यवस्था र कार्ययोजना नभएकोले योजना अनुसार काम हुन सकेन।

दशौं योजना(२०५९-६४)ले ज्येष्ठनागरिक सम्बन्धी दिर्घकालिन आधारणलाई निरन्तरता दियो। जसले ज्येष्ठनागरिक कोष खडा गर्ने, अस्पतालमा छुट्टै वार्ड स्थापना गर्ने,

बृद्धाश्रमलाई व्यवस्थित गर्ने, ज्येष्ठनागरिकको अनुसन्धान र प्रचारात्मक कार्यहरू अगाडि बढ्यो। अन्तरिम योजना(२०६४-६७) ले ज्येष्ठनागरिकको आधारभूत हकअधिकारको प्रत्याभूतिका लागि आवश्यक कानुनी र संस्थागत विकास गर्ने लगायतका नीति लिएको छ। आर्थिक वर्ष २०६५-६६ ले बृद्धभत्तामा गरेको बृद्धिले अन्तरिम योजनाको मर्मलाई मुखरित गरेका अनुभूति हुन्छ (**बस्नेत, २०६५**)।

कुनै पनि त्यस्ता क्रियाकलाप वा कार्य जसले वृद्धहरुलाई शारिरीक तथा मानसिक रुपमा हानी पु-याउछ त्यसलाई वृद्धवृद्धाहरु प्रतिको दुर्वब्यबहार भनेर परिभाषित गरेको छ। वृद्धवृद्धाहरु प्रतिको दुर्वब्यबहार परिवार, परिवारका सदस्यबाट, वृद्धवृद्धालाई स्याहार गर्ने मान्छेबाट अथवा सामाजिक वा स्वास्थ्य संस्थाका तालिम प्राप्त गरेका छैनन् त्यसबाट हुने गरेको पाइन्छ। धेरैजसो दुर्वब्यबहार आफ्नै घरपरिवारबाट हुने गरेको पाइन्छ (**WHO, 2008)**।

**जुनसुकै ठाउँमा पनि वृद्धहरुको बारेमा शिक्षा लिनु, दिनु आवश्यक हुन्छ**

पहिलेका भन्दा अहिलेका स्कूल तथा मा.वि. का बच्चाहरु पहिलेका पुस्ता भन्दा धेरै बाँच्ने संभावना देखिन्छ। केहि विनाशलाई नजरअन्दाज गर्ने हो भने थुप्रै संख्यामा ८०, ९० वा सो भन्दा बढि बाँच्ने संभावना पनि धेरै छ। बुढौलीले समाजका धेरै पक्षलाई असर गर्दछ। जस्तै – पारिवारिक पक्ष, व्यापारिक पक्ष र सरकार समेत बुढौलीले अछुत रहन सक्तैन र यसरी बुढौली जनसंख्या बढ्दै जाने हो त ? परिवारका सदस्यलगायत समाजलाई यसले निम्त्यउने समस्याहरु एउटा चुनौति हुन सक्छ , जसलाई कसरी सामना गर्दछन् त समाज र परिवारले ?

बुढेसकाल बढ्दै जानु भनेको जीवनभरको अनुभव हो। त्यसैले यस विषयमा शिक्षा हासिल गर्नु सबैको लागि अपरिहार्य छ , बुढा मानिसहरुको लागि मात्र नभएर बुढेसकालको विषयमा अध्ययन गर्न खोज्ने सबैको निम्ति यो शिक्षा अत्यावश्यक छ। सबैभन्दा मुख्य कुरा त यस विषयमा. सबै उमेरका मान्छेले अध्ययन गर्नु पर्दछ। विषेशत ती शिक्षाविदहरु जसले समाजमा बुढौलीका विषयमा सकरात्मक चिन्तनको बारेमा चेतना फैलाउछन् उनीहरुलाई त यस विषयको बारेमा जान्नु महत्वपूर्ण छ **(Donna & Fran Pratt, 2000)**।

हाम्रो समाजमा बुढा मानिसहरुको संख्या बढ्दो छ, यसले गर्दायस विषयमा झन् नयाँ, नयाँ चुनौतीहरु हुन्छन् जसले गर्दा यसै विषयलाई व्यवसायिक ढंगबाट पनि लाग्न सकिन्छ। जस्तो कि बुढेसकाल बढ्दै गएपछि बूढा मान्छेहरु स्वास्थ्य र स्फूर्त जीवनयापन कसरी गर्न सक्छन् भन्ने कुरामा पनि अध्ययन गर्न सकिन्छ। त्यसैगरि बूढेसकालले निम्त्याउने विभिन्न किसिमका रागहरु जस्तैः मुटुको रोग, विर्सने रोग, क्यान्सर आदि यी सबै रोगहरुको उपचार पद्धतिहरु थाहा पाउन सकिन्छ **(Gloria, 2000)**।

समाजका मूल्य मान्यतामा परिवर्तन आएका छन् र ती संगसंगै वृद्धवृद्धाहरुप्रति गरिने व्यबहारमा पनि परिवर्तन आएको छ। समाजमा हुने चोरी, डकैती, हत्या, अपराध जस्तामा यो दुर्वब्यबहार नपरेतापनि यसलाई वृद्धले विश्वास गरेको र वृद्धवृद्धासंगै सम्वन्धित (नातेदार) बाट पनि दुर्वब्यबहार हुने गरेको पाइन्छ **(NCPOP, 2009)**।

६० वर्ष भन्दा माथिको उमेरका वृद्धहरुमा पूरुषको मृत्युदर महिलाको भन्दा ४% बढि छ जुन १७.९६% छ। त्यसैगरि ७५ वर्षभन्दा माथिको पनि पुरुषकै मृत्यु दर धरै भएको पाइएको छ जुन ८०.४१% छ भने महिलाको ६२.१३% मात्र छ **(केन्द्रिय तथ्याङ्क विभाग, २००३)।**

उपलब्ध पत्र पत्रिकाहरु लेख, विचार आदिको अध्ययनबाट वृद्धहरुको जीवनमा प्रत्यक्ष असर पार्ने कारणहरुमा जातियता, धर्म, लिङ्ग, उमेर, आर्थिक अवस्था, शहरीकरण, आधुनिकीकरण, अन्तरपिँढिको कारण र संयुक्त परिवारको विघटन आदि हुन सक्दछ। यसरी विस्तृत अध्ययन गर्दा निस्किएका उपलब्धीका बुँदाहरु निम्न छन् :–

क. वृद्धहरु भएको घरमा २० प्रतिशत वृद्धहरुले घरको काममा सघाउने गर्दछन्।

ख. साधरण ६० वर्षपछि वृद्धहरुको आयु छोटो हुने गर्दछ।

ग. धेरै वृद्धहरुको आफ्नो सम्पत्ति भएपनि परिवारका अन्य सदस्यहरुलाई बाँड्ने गरेको पाइन्छ।

घ. १०० जना वृद्धहरुमा ६ जना सिकिस्त बिरामी हुन्छन् भने अन्य विभिन्न साधरण रोगहरुबाट पीडित हुन्छन्।

वृद्धहरु समस्या होइनन् समाजका धरोहर हुन्, यिनीहरुलाई समाजबाट अलग्याएर होइन, समाजमा नै उच्च स्थानमा स्वस्थ समाजको निर्माणमा अग्रसर गराउन सकियोस् भन्ने उद्धेश्य राख्नु आजको आवश्यकता भएको छ।

## २.३ वृद्धावृद्धा सम्बन्धी विद्यमान कानूनी व्यवस्था

नेपालमा योजनावद्ध विकासको थालनी भएको धेरै वर्ष बितिसक्यो तर योजनावद्ध विकासको इतिहासमा पहिलो पटक नवौं योजनाले “जेष्ठ नागरिक, असहाय तथा अपाङ्ग” लाई “सामाजिक सुरक्षा” अन्तर्गत समाबेश गरेको पाइन्छ। यसका निम्न लिखित व्यवस्थाहरु छन् :–

– नवौं योजनामा जेष्ठ नागरिकहरुको लागत खडा गरी प्रत्येक गाउँ विकास समिति र नगरपालिकाबाट २ वर्षको १ पटक अद्यावधिक विवरण राख्ने व्यवस्था रहेको छ ।

– जेष्ठ नागरिकहरुको नागरिकता वा मतदाता परिचयपत्रको अद्यावधिक विवरण अनुसार सरल तरिकाबाट उनीहरुलाई मासिक भत्ता व्यवस्था गर्ने ।

–यसैगरी केन्द्रीय तथा क्षेत्रीय अस्पतालहरुमा जेष्ठ नागरिक वार्ड स्थापना, नियमित स्वास्थ्य परिक्षण र सहुलियत दरमा उपचार सेवा प्रदान गर्ने एवं विकास क्षेत्रहरुमा १/१ वटा वृद्धाश्रम स्थापना गर्ने भन्ने छ। वृद्धाश्रममा मनोरञ्जन, वाचनालय, धार्मिक प्रवचन गाउँ टोलमा जेष्ठ नागरिक क्लबको व्यवस्था गर्ने र यस्ता कार्यमा स्थानीय निकाय गैह्र सरकारी संस्था र निजी क्षेत्रलाई प्रोत्साहित गर्ने उद्धेश्य लिइएको छ।

– यातायातका साधनमा निश्चित स्थानहरुमा आरक्षणको व्यवस्था गर्ने र यातायातको भाडामा केही छुटको व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ। **(नवौं योजना)**

– त्रिवर्षिय अन्तरिम योजना २०६४/२०६७ ले स्वास्थ्यलाई आधारभूत आवश्यकता ठानी स्वस्थ्य सेवा जनता समक्ष कसरी पर्‍याउने भने योजना बनाएको छ, जसमा सम्पूर्ण नागरिकहरुलाई उनीहरुको लिङ्ग, वर्ण, धर्म, सामाजिक स्थिति तथा विशेष गरी वृद्धहरुलाई आधार बनाई समान रुपमा स्वास्थ्य सेवा पुर्‍याउने भनि उल्लेख गरिएको छ। **(त्रिवर्षीय योजना २०६४/२०६७)**

– स्वास्थ्य सेवाको विस्तारित उद्धेश्यहरु पुरा गर्नको लागि स्थानिय र राष्ट्रिय स्वास्थ्य सेवा (इ.सं १९७५) मा लागु गरेको थियो। समय संगै यो योजना त्यति प्रभावकारी देखिएन मुलत बढ्दो जनसंख्याको कारण हो जसको फलस्वरुप नेपाल सरकारले दोस्रो

दिर्घकालीन स्वास्थ्य योजना अघि सार्‌यो जसको मुख्य उद्धेश्य अतिसिमान्तकृत, महिला, वालवालिका वृद्धवृद्धालाई स्वास्थ्य सेवा पुर्‌याउनु थियो । तर जेष्ठ नागरिकको स्वास्थ्यमा त्यति प्रभावकारी देखिएको छैन (**दिर्घकालीन स्वास्थ्य योजना २०५४/२०७४**)।

– स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाउँ विकास समितिको काम कर्तव्य र अधिकारमा राष्ट्रिय नीति अनुरुप अनाथ बालबालिका, असहाय महिला,वृद्धवृद्धा तथा अपांगहरुको संरक्षण गर्ने व्यवस्था गरेको छ। नेपाल सरकार स्थानीय विकास मन्त्रालयले अशक्त भत्ता प्राप्त गर्नको लागि निम्न लिखित कानूनी व्यवस्था अघि सारेको छ :

– ७५ वर्ष उमेर पुगेका सो भन्दा माथिका समाजका जेष्ठ महिला तथा पुरुष नागरिकहरुले मासिक रु ५०० भत्ता पाउने छन् ।

– ६० वर्ष उमेर पुगेका जीवन धान्न सक्ने आयस्रोत नभएका परिवारका सदस्यहरुबाट हेरचाह नभएका, आफ्नो नाममा कुनै पनि जग्गा जमीन तथा सम्पत्ति नभएका अपहेलित वा पतिको पेन्सन प्राप्त नगरेका नेपाली विधवा महिलाहरुले मासिक रु ५०० असहाय भत्ता प्राप्त गर्न सक्नेछन् । (**स्थानीय स्वायत्त शासन ऐन, २०५५**)

– नेपालको अन्तरिम संविधान २०६३ ले मौलिक हकमा “सम्पूर्ण नागरिकलाई आधारभूत स्वास्थ्य सरकारले पुर्‌याउने छ ” भनि लेखेको छ। जसको फलस्वरुप स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न कार्यक्रमहरु अगाडि सारेको छ। अन्तरिम संविधानको यो व्यवस्थालाई ध्यान दिएर नेपाल सरकारले मन्त्रिपरिषदको निर्णय अनुसार, गरीव, असाहाय, वालवालिका, महिला तथा वृद्धवृद्धाहरुको आधारभूत स्वास्थ्य उपचार निशुल्क बनाएको छ। (**नेपालको अन्तरिम संविधान २०६३**)

## २.४ राष्ट्रका नीति तथा कार्यनीति

– जेष्ठ नागरिक स्वास्थ्य सेवा उपचार निर्देशिका अनुसार सरकारले रु २००० सम्मको उपचार निशुल्क गराउने निति लिएको छ। जसले वृद्धाहरुको स्वास्थ्यमा सहयोग पुर्‌याउदै आएको भएपनि सरकारसंग प्रयाप्त स्रोत नभएको हुँदा यो कार्यक्रलाई सवै

वृद्धाहरुले उपभोग गर्न पाउने अवस्था छैन। थोरै मात्र यसको उपभोग हुन गएको पाइएको छ (**जेष्ठ नागरिक स्वास्थ्य उपचार सेवा, २०६१**)।

– सवै नागरिकलाई सर्वशूलम स्वास्थ्यसेवा उपलब्ध गराउने र विशेष गरि गरिव, असाहाय, अपाङ्ग, वृद्धहरुको पहुँच बढाउने लक्ष्य सरकारले राखेको छ। सरकारले २००६/०७ देखिनै प्राथमिक स्वास्थ्य उपचार सेवा निशूल्क रुपमा उपलब्ध गराउँदै आएको छ। जसमा अत्यावश्यक औषधिहरु निशूल्क वितरण गरिदै आएको छ (नेपाल स्वास्थ्य परियोजना २००४–२००९) ।

## जेष्ठनागरिक नीति तथा कार्यनीति

महिला बालबालिका तथा समाज कल्याण मन्त्रलायले वृद्धवृद्धा सम्वन्धमा पहिलोपटक जेष्ठनागरिक नीति तथा कार्यनीति अघि सारेको छ।

जेष्ठनगरिकको सम्मानपूर्ण जीवनयापनका लागि सामाजिक र आर्थिक संरक्षण दिदै वृद्ध अवस्था सुरक्षित र सहज बनाउन, वृद्धहरुको क्षमता विकास गर्न निजहरुको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय निर्माणको विधि क्षेत्रमा उपयोग गर्ने उद्धेश्य लिई जेष्ठनागरिक सम्वन्धि कार्यात्मक निति निर्माण गरिएको छ भने जेष्ठ नागरिक कार्यनितिलाई अल्पकालिन, मध्यकालिन र दीर्घकालिन रुपले कार्यान्वयनमा ल्याइने हिसाबले यसरी विभाजन गरिएको छः

क) आर्थिक पक्ष ख) सामाजिक सुरक्षा ग) स्वास्थ्य सेवा घ) सुविधा र सम्मान
ङ) सहभागिता र संलग्नता च) शैक्षिक तथा मनोरञ्जनात्मक पक्ष छ) विविध
ज) वर्गीकरण


माथि गरिएका अध्ययनहरु अनुसन्धानका खोजहरुले वृद्धवद्धाहरुका जीवनका केहि वास्तविक पक्षहरुलाई उद्घाटन गर्न खोजेका छन् तर ती सवै अध्ययनहरु आफैमा प्रर्याप्त देखिदैनन्। नेपालका विभिन्न ठाँउमा वृद्धवृद्धाहरुलाई उद्धेश्य गरेर व्यक्ति, समाज र संस्थाद्धारा वृद्धाश्रमहरुको निर्माण गरिएका पाइन्छन्। जस्तै काठमाण्डौंको पशुपती क्षेत्रमा अवस्थित पशुपती वृद्धाश्रम, पोखराको सीतापाइला स्थित पोखरा वृद्धाश्रम, म्याग्दीको गलेश्वर धाममा रहेको गलेश्वर वृद्धाश्रम, तनहुँको देउघाट क्षेत्रमा अवस्थित वृद्धाश्रम र स्याङ्जाको केलादीघाटमा रहेको श्री राधा दामोदर आरोग्य आश्रम लगाएतका धेरै वृद्धाश्रमहरु

देखिन्छन् । ति वृद्धाश्रम मध्य केलादीघाटमा रहेको श्री राधा दामोदर आरोग्य आश्रम बाहेक अन्य वृद्धाश्रमका वृद्धवृद्धाहरुको बारेमा समाजशास्त्रिय अध्ययन गरेको पाइन्छ भने यस वृद्धाश्रमका बारेमा आजसम्म कसैले पनि अनुसन्धान मूलक अध्ययनका लागि खासै चासो राखेको पाइदैन। पश्चिमाञ्चलकै प्रसिद्ध तीर्थस्थलका रुपमा रहेको यस केलादीघाटमा अवस्थित वृद्धाश्रममा भिन्न भिन्न ठाँउबाट आएका दर्जनौ वृद्धवृद्धाहरुका जीवन भोगाईका के कस्ता स्थितीहरु छन् तीनिहरुको समाजशास्त्रिय अध्ययन गर्न नितान्त आवश्यक देखिएकोले प्रस्तावित शोध उपयोगी देखिएको हुँदा यस विषयलाई छनोट गरिएको हो ।

## २.५ अवधारणत्मक खाका

विभिन्न क्षेत्र र संघसंस्थाहरुबाट प्रयास हुँदाहुदै पनि वृद्धहरुको वास्तविकताको पहिचान गर्ने र उनीहरुको समस्याको सफल समाधान हुन सकेको पाईदैन। यसका लागि वृद्धाश्रम संचालनमा सहभागी व्यवस्थापन पक्ष त्यहाँ आश्रितहरु तथा आश्रमलाई सहयोग गर्ने अन्य पक्षहरुको भूमिका र यिनीहरु बीचको अन्तर सम्बन्ध यी तत्वहरुले पार्ने असरको विषयमा गहिरो अध्ययन गर्न नसक्नु नै हो।  तसर्थ श्री राधा दामोदर आरोग्य वृद्धाश्रमको सामाजिक भूमिकाको बारेमा बुझ्न तथा त्यहाँ आश्रित वृद्धवृद्धाहरुको समसामयिक अवस्थाबारे प्रकाश पार्न, जात, लिङ्ग, जन्मस्थान, उमेर, विवाह पारिवारिक पृष्ठभूमि, धर्म तथा उनीहरुसंग सम्बन्धीत पक्षको अध्ययन गरी यसबाट प्राप्त नतिजाको आधारमा आश्रममा आएपछि उनीहरुको जीवनमा परेको प्रभाव र उत्थानका लागि सम्बन्धित निकाएमा तत्सम्बन्धीको निति निर्माण तथा कार्य गर्न सिफारिस गर्न सकिने हुँदा यो शोधपत्र तयार गरिएको हो। यसका लागि उल्लेखित सामाजिक भूमिकाको बारेमा अध्ययन गरिएको छ ।

**अवधारणात्मक खाका**



कुनैपनि संस्था वा आश्रम आफैमा प्रर्याप्त हुन सक्तैन । वृद्धाश्रम संचलनको लागि दाता पक्ष महत्वपूर्ण हुन आउछ । दाता पक्षले दिएको दान दातव्यलाई व्यवस्थापन पक्षले कहाँ के कति खर्च गर्ने, कसरी व्यवस्थापन गर्ने वा संचालन गराउने आदि बारे व्यवस्था गर्दछ र आश्रित वृद्धवृद्धाहरुले उनीहरुले गरेको सहयोग बाटनै आफ्नो जीवन व्यतित गर्दछन् । उनीहरुको आदेश नियम जस्ता कुरालाई मनन् गर्दछन् यसरी नै यिनिहरु एक अर्कोमा अन्योन्याश्रित हुन्छन् । जसरी ओदानका तीन खुट्टा एक अर्कोमा सम्वन्धित हुन्छन् एक खुट्टाको अभावमा ओदानको कुनै काम हुदैन । त्यस्तै यस आश्रम संचालनको लागि दाता पक्ष, व्यवस्थापन पक्ष र आश्रित वृद्धवृद्धाहरु एक अर्कोमा अन्तरसम्वन्धित छन् ।

# अध्याय तीन

# अनुसन्धानका विधिहरु

### ३.१ अध्ययनको क्षेत्र

सार्वभौमसत्ता सम्पन्न विविध जात,जाति, भाषाभाषी र अनेकन संस्कृतिको साझा फुलवारी नेपालको पश्चिमाञ्चल क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको स्याङ्जा जिल्लामा पर्ने पवित्र कालीगण्डकीको तिरमा अवस्थित केलादिघाट धार्मिक, प्राकृतिक र सांस्कृतिक महत्वले भरिएको पवित्र स्थान हो । यहाँ प्राचीन कालदेखिनै वैष्णव सम्प्रदायका सन्त महात्माहरुले हिन्दु धर्म र सांस्कृतिक परम्परालाई अविच्छिन्न तुल्याउदै राधा दामोदर आश्रमका माध्यमबाट अध्ययन अध्यापन गराउँदै आएका छन् । यस आश्रममा स्थापनाकालदेखिनै वृद्धवृद्धाहरु बस्ने गरेको भएपनि औपचारिक रुपमा २०६६ सालमा श्री राधा दामोदर आरोग्य वृद्धाश्रमको स्थापना गरी वृद्धवृद्धाहरुलाई संरक्षण गरिदै आएको छ । हाल यहाँ ४० जना वृद्धवृद्धाहरु बस्दछन् । यीनै वृद्धवृद्धाहरुको दैनिक जीवन शैलीको अध्ययन गर्न प्रस्तुत क्षेत्र छनोट गरिएको छ ।

### ३.२ अनुसन्धान ढाँचा

यस वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको सामाजिक, सांस्कृतिक जीवनपद्धतीको बारेमा तथ्यपूर्ण जानकारी लिनु यो अनुसन्धानको मुख्य उद्धेश्य हो । यो अध्ययन अन्वेषणात्मक तथा वर्णनात्मक प्रकारको छ । यस आश्रममा रहेका जेष्ठनागरिकको जीवनशैली तथा स्वास्थ्य स्थितिका बारेमा अनुसन्धान गर्न अन्वेषणत्मक विधिको प्रयोग गरिएको छ भने वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरि ती विस्तृत पक्षको वर्णन गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरु

यस अध्ययनमा तथ्याङ्क संकलन गर्न प्राथमिक तथ्याङ्क र द्धितिय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तगर्त स्थलगत अध्ययन गरी अध्ययन क्षेत्रको अवलोकन र अन्तवार्ता सूची मार्फत तथ्याङ्क संकलन गरिएको छ साथै मुख्य जानकार व्यक्तिहरुसंग समेत समूहगत छलफल गरि तथ्याङ्क संकलन गरिएको छ भने द्धितिय स्रोत अन्तर्गत सूचना संकलन विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका र शोधग्रन्थहरुबाट संकलन गरिएको छ । यसैगरी तथ्याङ्क संकलानमा तथ्याङ्कका प्रकृति गुणात्मक तथा संख्यात्मक दुबैलाई समाबेश गरिएको छ ।

### ३.४ जनगणना विधि

यस अनुसन्धानमा स्याङ्जा जिल्लाको साँखर गा.वि.स. वडा नं. ६ केलादिघाट स्थित श्री राधा दामोदर आरोग्य आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई अध्ययन इकाइको रुपमा लिइएको छ। यस आश्रममा महिला २८ र पुरुष १२ गरि जम्मा ४० जना रहेका छन् र यी सबैलाई जनगणना विधिबाट अध्ययन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनको विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न तथ्याङ्क संकलन गरिने विधिहरु अवलम्बन गरिएको हुन्छ। प्राथमिक र द्धितिय खालका स्रोतलाई आधार मानी प्राथमिक स्रोत अन्तर्गत अन्तर्वाता, अवलोकन, समूह छलफल तथा सम्बन्धित व्यक्तिहरुबाट प्रत्यक्ष रुपमा सूचना संकलन गरिएको छ। भने द्धितिय स्रोत अन्तर्गत सूचना संकलन विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका र शोधग्रन्थहरुबाट संकलन गरिएको छ।

#### क) अर्न्तवार्ता अनुसूची

यस अध्ययनमा तथ्याङ्क संकलन गर्दा अन्तरवार्ता लिई आवश्यक तथ्याङ्क तथा सूचना लिइएको छ। यसको लागि अध्ययन क्षेत्रमा गई वृद्धवृद्धाहरुको अवस्था, समस्या, आश्रितहुनुको कारण आदि बारे अन्तरवार्ता लिइ तथ्याङ्क संकलन गरिएको छ।

#### ख) अवलोकन

यो विधि पनि तथ्याङ्क संकलनको महत्वपूर्ण विधि हो। यस विधिद्धारा अध्ययन गर्दा स्याङ्जा केलादिघाट स्थित श्री राधा दामोदर आरोग्य आश्रममा आश्रित वृद्धवृद्धाहरुको सम्पूर्ण क्रियाकलाप, अवस्था, दैनिक जीवन शैली, स्वास्थ्य स्थिति, आश्रममा आउनु पर्नाका कारण बारे अवलोकन गरी प्रत्यक्ष रुपमा तथ्याङ्क संकल गरि त्यसलाई तालिकीकरण गरि व्याख्या गरिएको छ।

#### ग) समूहगत छलफल

यस अध्ययनमा त्यस आश्रमका सम्पूर्ण व्यवस्थापक, कर्मचारीहरुलाई एकैठाउमा राखी आश्रमको गतिविधिबारे छलफल गरि आश्रम कसरी चलेको, व्यवस्थापकले कसरी मिलाएको छ, कर्मचारीलाई कसले खटाएको हो आदि सम्पूर्ण जानकारी लिइएको छ । भने अर्कोतर्फ आश्रित वृद्धवृद्धाहरुलाई एकै ठाँउमा भेला गरि उनीहरुको अवस्था, समस्या, आश्रितहुनुको कारण आदि बारे जानकारी लिइएको छ ।

### ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

विभिन्न विषयवस्तुसंग सम्वन्धित तथ्याङ्कहरुलाई मात्रात्मक तथा संख्यात्मक विधिबाट प्रस्तुत गरिएको छ । मात्रात्मक तथ्याङ्कलाई स्तम्भ चित्र, तालिका, संख्या र प्रतिशतमा व्याख्या गरिएको छ । अन्य तथ्याङ्कलाई व्याख्यात्मक रुपमा विश्लेषण गरेर प्रस्तुत गरिएको छ । लिङ्गका आधारमा ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुषलाई वर्गिकरण गरी व्याख्या गरिएको छ । त्यस्तै जातका आधारमा, साक्षरता स्थितिका आधारमा वर्गिकरण गरि व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ ।

# अध्याय-चार

## आश्रममा आश्रित बृद्धबृद्धाहरूको सामाजिक, सांस्कृतिक अवस्था

कुनै पनि व्यक्तिको जीवनमा सामाजिक पृष्ठभुमिले महत्वपूर्ण भुमिका खेलेको हुन्छ, त्यसैले यस श्री राधादामोदर आरोग्य वृद्धाश्रम केलादिघाटमा विभिन्न पारिवारिक पृष्ठभूमि भएका वृद्धवद्धाहरु आश्रित भएको देखिन्छ । यी आश्रित वृद्धवृद्धाहरुको जीवनशैली, रहनसहन, लैङ्गिक अवस्था, जातिगत अवस्था, धार्मिक अवस्था, बैवाहिक अवस्था, पारिवारिक अवस्था, आश्रममा आउनुपूर्वको बसाइको स्थिति, शैक्षिक अवस्था, तथा कस्तो परिवारका वृद्धवृद्धाहरु यस आश्रममा आश्रय लिन आउछन् भन्ने जान्न आवश्यक देखिन्छ जसको व्याख्या र विवरण यस अध्यायमा गरिने प्रयास गरिएको छ ।

### ४.१ उत्तरदाताको लैङ्गिक अवस्था

लैङ्गिक आधारमा यस आश्रममा बस्ने वृद्धवृद्धाहरुको संख्याको बारेमा अध्ययन गर्नु यस अध्ययनको महत्वपूर्ण भाग हुन आउछ। यस्तो अध्ययनबाट लैङ्गिक रुपमा के कस्ता वृद्धवृद्धाहरु आश्रममा आश्रित हुँदा रहेछन् भन्ने बारेमा जानकारी हुने हुनाले यसको पनि तथ्याङ्क संकलन गरिएको छ। यस आश्रममा आश्रित वृद्धवद्धाहरुको लैङ्गिक अवस्थालाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका ४.१: उत्तरदाताको लैङ्गिक अवस्था**

| **लिङ्ग** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | २८ | ७० |
| पुरुष | १२ | ३० |
| **जम्मा** | **४०** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

प्रस्तुत तालिकाअनुसार यस अध्ययनका उत्तरदातामध्ये लगभग तीन चौथाइ (७०%) महिला रहेका थिए भने मात्र एक चौथाइभन्दा केही धेरै (३०%) पुरुष रहेका थिए। यसरी पुरुष भन्दा महिला बढि हुनुमा विभिन्न कारणहरु रहेका छन् ।

हाम्रो नेपाली समाजमा पुरुषको स्थान महिलाको तुलनामा उच्च रहदै आएको छ। हिन्दु धर्मशास्त्रमा पनि लोग्नेलाई ईश्वर मान्ने तथा छोरा नभएमा स्वर्गको ढोका खुल्दैन भन्ने जस्ता उल्लेख भएको पाइन्छ। जुन वाक्यले छोरा र छोरी बीचमा स्पष्ट भेद खडा गरेको छ। लोग्ने मान्छेले बालविवाह, अनमेल विवाह, बहुविवाह गर्ने शारिरिक तथा मानसिक रुपमा स्वास्नी मान्छेलाई शोषण गर्ने जस्ता कार्य गरेको हाम्रो समाजमा देखिन्छ।

आर्थिक, बैवाहिक तथा शारिरिक कारणले गर्दा लोग्ने स्वास्नी छुट्टै बस्ने चलन पनि हाम्रो समाजमा चल्दै आएको देखिन्छ। यसरी छुट्टै बस्नेमा पुरुष भन्दा महिलाको संख्या बढी पाइन्छ किनभने पुरुषहरु एक महिलाले छोडेपनि दोस्रो विवाह गर्छन् भने महिलाहरु एक पटक विवाह टुट्यो भने पुनः विवाह प्राय गर्दैनन्। यस्तो कारणले गर्दा पनि यस्ता महिलाहरु वृद्ध अवस्थामा असक्त हुँदा स्याहार सुसार गर्ने कोहि नभएर एक्लो पर्ने भएकोले आश्रममा आश्रित हुन पुगेको देखिन्छ।

## ४.२ उत्तरदाताको जातिगत अवस्था

मानिस सामाजिक प्राणी भएको हुनाले हरेक व्यक्ति समाजमा नै बस्छन्। जुन व्यक्ति जस्तो समाजमा बस्छ त्यस समाजको सामाजिक परिवेशले उसको व्यक्तिगत जीवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। हिन्दु समाज त्यसमा पनि नेपाली समाजमा जात भात महत्वपूर्ण रुपमा रहेको छ। मानिस कुन जातको हो, कुन धर्म मानेको छ कस्तो पारिवारिक परिवेशमा हुर्केको छ, उसको वैवाहिक स्थिति कस्तो छ ? जस्ता आदि इत्यादी कुराले उसको व्यक्तिगत जीवनमा असर पारेको हुन्छ। यस अध्ययनमा श्री राधादामोदर आरोग्य वृद्धाश्रम केलादिघाटमा आश्रित वृद्धवृद्धाहरुको अध्ययन गरिएको हुनाले यिनिहरु कस्ता सामाजिक परिवेशबाट यहाँ आश्रित हुन पुगेको छन् भन्ने अध्ययन गर्न आवस्यक देखिन्छ। अध्ययनमा समाविष्ट क्षेत्रमा रहेको जातिगत अवस्था तलको तालिकाबाट देखाइएको छ।

**तालिका ४.२ : उत्तरदाताको जातिगत अवस्था**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | ३० | ७५ |
| क्षेत्री | ४ | १० |
| मगर | ४ | १० |
| ठकुरी | २ | ५ |
| **जम्मा** | **४०** | **१००.०** |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथि तालिकामा देखाए अनुसार अध्ययनमा संलग्न वृद्धवृद्धाहरुको जातिगत संख्या हेर्दा ७५% ब्राम्हण छन् भने ब्राम्हणको तुलनामा अतिकम क्षेत्री १०%, मगर १० % प्रतिशत, र सबैभन्दा कम ठकुरी ५% रहेको देखिन्छ । छोराबुहारीबाट अपहेलित, सानोतिनो व्यापार गरेर जीवीकोपार्जन गर्ने व्यक्तिहरु यहाँ आश्रित भएको पाइन्छ । यस बाहेक अन्य कारणमा धार्मिक आस्थाका कारणले पनि यस आश्रममा आश्रित हुन पुगेको देखिन्छ ।

## ४.३ उत्तरदाताको उमेरको अवस्था

यस वृद्धाश्रममा आश्रित वृद्धहरु कुन उमेर समूहमा कति संख्या प्रतिशतमा आश्रित छन् भनि अध्ययन गर्ने क्रममा ४ समूहमा विभक्त गरी अध्ययन गर्दा ७० देखि ८० वर्ष समूहका सबैभन्दा बढि देखिन आएका छन् ।

**चित्र ४.१: वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको उमेर समूहको विवरण**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्र अनुसार सबैभन्दा धेरै ७१ देखि ८० वर्ष भित्रका ४२.५ प्रतिशत, ६१ देखि ७० वर्ष भित्रका ३२.५ प्रतिशत, ८१ देखि ९० वर्ष भित्रका १५ प्रतिशत र सबैभन्दा थोरै ६० वर्षसम्मका १२ प्रतिशत रहेका छन् । यिनिहरु आर्थिक रुपले असहाय भएर, अपहेलित भएर तथा आफुले केहि गर्न नसक्ने भएर वृद्धाश्रममा आएको बताउछन् ।

## ४.४ धर्म र संस्कृति :


प्राचीनकालदेखि नै नेपाल विभिन्न धर्माबलम्बी बसोावास गर्ने थलो हो । नेपाल धर्म निरपक्ष राष्ट्र भएकोले सबै धर्महरुको संरक्षण र सम्मान गर्दै आएअनुरुप देशका प्रत्येक नागरिकहरुले आफ्नो इच्छाअनुसार स्वतन्त्रतापूर्वक परम्परादेखि चलिआएको धर्म मान्दै आएका छन् । धर्मको आधारमा आश्रित वृद्धवृद्धाहरुको सामाजिक अवस्था जान्न सजिलो पर्ने भएकोले आश्रितहरुका कुन कुन धर्मावलम्वी रहेछन् भन्ने स्पष्ट हुन्छ । हिन्दु धर्म चार वर्ण भए तापनि यस आश्रममा जातिपाती भेदभाव, छुतअछुतमा भेदभाव रहेको छैन । यस आश्रमममा तल्लो जातिमा मगर, अनि ठकुरी रहेका छन् । कर्मचारी तथा वृद्धवृद्धाहरुमा भेद्भाव रहेको पाइएन । तर कीह आश्रितहरु वैष्णव सम्प्रदायका भएकाले कट्टर रहेको

पाइन्छन् । सम्पूर्ण नेपाली नागरिकको लागि यो स्थान सरकारद्धारा वृद्धवृद्धाहरुको सुरक्षित स्थानको लागि होस् भन्ने हेतुले स्थापना गरिएको हो ।

## ४.५ उत्तरदाताको मातृभाषागत अवस्था

यस अध्ययनमा सबै भन्दा बढि नेपाली भाषि पाइयो, त्यसपछि मगर, अनि ठकुरी आदि रहेको पाइयो । जसलाई तलको चित्रबाट देखाईएको छ ।

**चित्र ४.२: वृद्धाश्रमा आश्रितवृद्धवृद्धाहरुको मातृभाषागत अवस्था**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथिको चित्र अनुसार यस वृद्धाश्रममा आश्रित वृद्धवद्धाहरुमा सबैभन्दा बढी नेपाली भाषी पाइनुको कारणमा नेपाली भाषा राष्ट्र भाषा भएकोले जुनको संख्या ३६ छ भने सबैभन्दा कम मगरको संख्या ४ रहेको छ ।

## ४.६ वृद्धवद्धाको शैक्षिक अवस्था

शिक्षा नै देश विकाशको मेरुदण्ड हो र यसको विकासबाट नै देशको आर्थिक तथा सामाजिक विकास तथा जनताको जीवनस्तरमा सुधार आई जीवनशैली र रहनसहनमा परिवर्तन आउने तथ्यलाई कसैले नकार्न सक्दैन । शैक्षिक स्तर जान्नको लागि साक्षरताको स्थिति जान्नु जरुरत पर्दछ ।

यस वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको शैक्षिक स्थिति जान्नको लागि यिनीहरुको साक्षरता स्थिति जान्न जरुरत भएकोले, साक्षरता स्थितिको अध्ययन गरिएको यस आश्रमका कति वृद्धवद्धाहरु साक्षर तथा निरक्षरहरु भनी अध्ययन गर्दा शिक्षा जस्तो महत्वपूर्ण क्षेत्रमा महिलाहरु ज्यादै नै पछि परेका छन् । किनभने यस वृद्धाश्रमका महिला वृद्धाहरु शतप्रतिशत नै निरक्षर भएको पाइयो । पुरुष वृद्धहरुमध्य केही साक्षर पाइयो । यसरी अशिक्षित हुनुको कारण २००७ सालसम्म जनताका छोरा छोरीको लागि शिक्षा शुलभ थिएन । देशका ठूलाबढाका छोराछोरीको लागि थोरै पाठशालाहरु सञ्चालित थिए । पछि पनि केहिले मात्र शिक्षा हासिल गर्न सकेका थिए । गरिब तथा तल्लो वर्गका नागरिक शिक्षाको अधिकारबाट बञ्चित थिए । यसरी गरिबी तथा चेतनाको अभावलाई नै अशिक्षित हुनुमा मुख्य कारक तत्वको रुपमा लिन सकिन्छ । जसलाई तलको चित्रबाट प्रष्ट पारिएको छ ।

**चित्र ४.३: वृद्धाश्रममा आश्रितहरुको शैक्षिक अवस्था**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

चित्र अनुसार ७५ प्रतिशत भन्दा धेरै वृद्धवृद्धाहरु निरक्षर छन् भने २५ प्रतिशत साक्षर रहेको पाइयो ।

### ४.७ वृद्धवृद्धाहरुको वैवाहिक स्थिति

यस आश्रममा आश्रित वृद्धवृद्धाहरुको वैवाहिक स्थितिको अध्ययन एक महत्वपूर्ण भागमा पर्दछ । किनभने यसको अध्ययनबाट कस्तो बैवाहिक स्थिति भएका वृद्धहरु बढी मात्रामा यस्ता आश्रममा आउन बाध्य हुन्छन् भन्ने कुराको जानकारी हामीलाई हुन्छ । वैवाहिक स्थितिको अध्ययनमा यस आश्रममा आश्रित वृद्धवृद्धाहरुमा विधुवा, विधुर, श्रीमान/श्रीमति,

विवाहित, अविवाहित छन् भन्ने कुराको अध्ययन गर्दछौं । यसरी अध्ययन गर्दा आश्रममा आश्रित वृद्धवृद्धाहरुको वैवाहिक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३ : वृद्धाश्रमा आश्रितवृद्धवृद्धाहरुको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विधुवा | २८ | ७० |
| विधुर | १० | २५ |
| श्रीमान/ श्रीमती | २ | ५ |
| **जम्मा** | ४० | १००.० |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९*


तालिका अनुसार विधुवा महिला ७० प्रतिशत, विधुर २५ प्रतिशत र श्रीमान/श्रीमती भएका ५ प्रतिशत रहेको छ । आश्रित वृद्ध वृद्धाहरुको स्थलगत अध्ययन गर्दा वृद्ध वृद्धाहरु यस आश्रममा आश्रित हुनुको मुख्य कारण शारिरिक अस्वस्थता, निसन्तान, वाल विवाह तथा अन्य पारिवारिक झगडाको कारणले तथा सन्तान नहुँदा पाल्ने कोहि नभएका, विधवा भएका, लोग्नेले सौता ल्याई लोग्ने तथा सौताबाट अपहेलित भएका कारणले वृद्ध अवस्थामा यस आश्रममा आश्रित हुन पुगेका हुन् ।

विवाहित वृद्ध गरिवी, शारिरिक अस्वस्थता तथ पारिवारिक अशान्तिको कारणले वृद्ध अवस्थामा यस आश्रममा आश्रय लिएको पाइयो । विधुवाको संख्या बढि देखिनुको कारण खोज्दा समाजमा विधुवाको स्थान सबैभन्दा तल्लो रहेको छ । वाल विधुवा भएकीलाई पूनः विवाहको चलन नहुनु, तथा लोग्ने टोकुवाको संज्ञा दिइनुले समाजमा उसको स्थान सबैभन्दा तल्लो हुन्छ ।

## ४.८ वृद्धाश्रमा आश्रित वृद्धवृद्धाहरु आश्रममा आउनु पूर्वको बसाइको स्थिति

आश्रममा आउनुपूर्व बृद्धबृद्धाहरू धेरैजसो पतिपत्नीसंग बस्ने गरेको पाइयो । भने केहि सानैमा वालविधुवा भएकोले एक्लै बस्ने गरेको र पछि आश्रममा आएको पाइयो त्यस्तै गरी कोहिको छोरा, छोरी भएकाहरु छोरा छोरीसंग बस्ने गरेको पाइयो जसलाई तलको चित्रमा प्रष्ट पारीएको छ ।

**चित्र नं. ४.४: आश्रममा आउनुपूर्वको बसाईको स्थिति**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथिको चित्र अनुसार सबैभन्दा धेरै(६२.५%) बृद्धबृद्धाहरू आश्रम आउनुपूर्व पतिपत्नीसँगै बसिरहेका थिए पछि पतिपत्नी मध्य कुनै एकको मृत्यु पश्चात आश्रममा आएको पाइयो भने(२२.५%) एक्लै, (७.५%) छोरासँग र (७.५%) छोरीसँग बस्ने गरेको र छोरा बुहारीसंग बस्दा बुहारीको भनाईहरुलाई सहन नसकी आश्रममा आएको देखिन्छ भने कोहि छोरीको घरमा सधैभरि बस्न मन नलागेकाले आश्रममा आएको पाइन्छ ।


### ४.९ उत्तरदाता आश्रममा आउनु अघिको पेशा :

वृद्धाश्रममा आउनुभन्दा अगाडि के कस्तो पेशा अपनाएका मानिसहरु त्यस आश्रममा आएका रहेछन् भन्ने सन्दर्भमा उनीहरु विभिन्न पेशामा लागेको पाइयो । विभिन्न पेशा अपनाएका मध्य खेती गर्नेको संख्या ७५ प्रतिशत छ भने दोस्रो मजदूरी गर्नेको संख्या आउँछ । आफ्नो जीवनकालमा मजदूरी गरी जीवन धान्नेको संख्या १२.५ प्रतिशत छन्, त्यस्तै व्यापारमा ७.५ प्रतिशत र कुनै पनि पेशा नभएका ५ प्रतिशत रहेको पाइन्छ ।

यसरी खेती पेशा हुनेहरुलाई आफ्नो खेतीबाट हटाई बस्ने खाने बासबाट धपाएर यहाँ आएको पाइयो जसमा आफ्नो परिवार नभएका पाइए भने मजदुरी गरी खानेहरु पछि गर्न

नसक्ने भएपछि यहाँ आएर बसेका पाइयो । व्यापारीहरु आफुले गर्न नसक्ने भएपछि यहाँ आएको पाइयो । जसलाइ तलको चित्रबाट प्रष्ट पारिएको छ ।

**चित्र ४.५: आश्रम आउनुपूर्वको पेशा**





*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथिको चित्रअनुसार सबैभन्दा धेरै ७१ प्रतिशत आश्रितहरु आश्रममा आउनु अघि खेती गर्ने गरेको १२ प्रतिशतले ज्याला मजदुरी, १२ प्रतिशतले व्यापार गर्ने गरेको र सबैभन्दा कम ५ प्रतिशतको कुनैपनि पेशा नभएको पाइयो ।

### ४.१० वृद्धाश्रममा आश्रित भएको समयको आधारमा वृद्धवृद्धाहरुको विवरण

यस वृद्धाश्रममा वृद्धवृद्धाहरु विभिन्न समय देखि आश्रित भएको पाइन्छ । हाल यहाँ भएका वृद्धवृद्धाहरु के कति वर्षदेखि आश्रित हुँदै आएका छन् भनि जानकारी लिंदा १ वर्ष देखि ५० वर्षसम्म आश्रित रहेको पाइयो । जसलाई तलको चित्रबाट प्रष्ट पारिएको छ ।

**चित्र ४.६: वृद्धाश्रममा आश्रित भएको समयको आधारमा वृद्धवृद्धाहरुको विवरण**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्रमा देखाएअनुसार सबैभन्दा बढि ४२ प्रतिशत १५ वर्ष देखि आश्रीत रहेछन् भने ३० प्रतिशत १६ देखि ३० वर्ष सम्म आश्रीत रहेछन त्यस्तै २२.५ प्रतिशत ३१ देखि ४५ वर्ष सम्म बसोवास गरेका छन् भने सबैभन्दा कम ५ प्रतिशत ४६ वर्ष भन्दा बढी समयसम्म आश्रीत रहेको पाइयो ।

**४.११ जिल्ला (जन्मस्थान वा वासस्थान) का आधारमा आश्रित वृद्धवृद्धाहरु**

यस श्री राधा दामोदर आरोग्य वृद्धाश्रम स्याङ्जा जिल्ला साँखर गा.वि.स. वडा नं. ६, श्री कृष्ण गण्डकीका पावन तटमा अवस्थित नेपाल निम्वाकपीठ सुप्रसिद्ध तीर्थस्थलको रुपमा विख्यात छ। यसमा वृद्धवृद्धाहरु देशको कुन कुन क्षेत्र (जिल्ला) बाट यहाँ आई आश्रय लिएका छन् भन्ने अध्ययन गर्नु पनि यस अध्ययनको एक लक्ष्य हो। यसरी आश्रित वृद्धवृद्धाहरुको ठेगना बारेमा जानकारी हासिल गर्नको लागि अन्तवार्ता तथा प्रश्नावलीको साथै कार्यालयको माध्ययमबाट जानकारी लिने प्रयास गरियो। यसरी आश्रित वृद्धवृद्धाहरुको ठेगना बारेमा जानकारी लिदा सबैभन्दा बढि स्याङ्जा र तनहुँका बासिन्दा आश्रित छन् भने त्यसपछि पाल्पा, कास्की र सबैभन्दा कम तराइतिरका रहेका छन्। जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.४: बसोवास गरेको स्थानका आधारमा**

| **स्थान** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| स्याङ्जा | १३ | ३२.५ |
| तनहु | १३ | ३२.५ |
| पाल्पा | ८ | २० |
| कास्की | ३ | ७.५ |
| चितवन | ३ | ७.५ |
| **जम्मा** | **४०** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार आश्रित वृद्धवृद्धाहरु मध्य सबैभन्दा बढि (३२.५ प्रतिशत) स्याङ्जा त्यतिनै तनहुँका रहेको, २० प्रतिशत पाल्पाका, सबैभन्दा कम ७.५ प्रतिशत कास्की र त्यतिनै चितवनका रहेको पाइयो ।

## ४.१२ वृद्धबृद्धाहरूको आश्रममा आउनु पहिलेको पारिवारिक स्थिति

आश्रममा रहेका बृद्धबृद्धाहरूको आश्रममा आउनु पहिलेको पारिवारिक अवस्थाबारे जानकारी लिदा यी मध्ये अधिक संयुक्त परिवारमा रहेका देखिन्छन् भने एकल परिवारमा बस्ने केहि कम अर्थात न्यून रहेका छन् ।

**तालिका ४.५ : उत्तरदाताको पारिवारिक स्थिति**

| **बसाईंको स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकल | १९ | ४७.५ |
| संयुक्त | २१ | ५२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९*

उक्त तालिका अनुसार करीब ४७.५ प्रतिशत बृद्धबृद्धाहरू एकात्मक परिवारमा बस्दै आएका थिए पछि श्रीमान श्रीमति मध्ये कुनै एकको मृत्यु पश्चात आश्रममा आएको देखिन्छ भने एक ५२.५ प्रतिशत संयुक्त परिवारमा  रहेको देखियो ।

### ४.१३ वृद्धवृद्धाहरुको आश्रम आउनु अगाडिको जीवन निर्वाह स्थिति

यस श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित हुनु अगाडि उनीहरुले अपनाएका पेशाबाट आफु र आफ्नो परिवारको जीवन निर्वाह गर्न पुग्दथ्यो कि पुग्दैनथ्यो र नपुग्ने भए कसरी जीवन निर्वाह गरिन्थ्यो भन्ने बारे जानकारी लिने क्रममा विभिन्न प्रश्नहरु सोधिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६ : वृद्धाश्रममा आश्रित हुनु अगाडिको जीवन निर्वाह स्थिति**

| **आम्दानीले जीवन निर्वाह** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्ररी पुग्दथ्यो | १९ | ४७.५ |
| पुग्दैनथ्यो | ४ | १० |
| दुःख सुख पुग्दथ्यो | १७ | ४२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार सबैभन्दा बढि संख्या जम्मा ४७.५ प्रतिशतले खान पुग्थ्यो भन्ने बताए भने ४२.५ प्रतिशतले दुःख सुख खान पुग्दथ्यो भने त्यस्तै १० प्रतिशतले आयश्रोत कम भएको कारण आफ्नो पेशाबाट आफु र आफ्नो परिवारको जीवन धान्न आफ्नो आम्दानीले खान नपुग्ने बताए ।

### ४.१४ आश्रममा आश्रित हुनु अगाडिको जग्गाको स्थिति

अध्ययन क्रममा पेशागत विवरण लिंदा जसले आफ्नो खेती थियो भनेर बताए उनीहरुसंग के कति खेती थियो वा जग्गा थियो भनेर एकिनका साथ धेरै जसोले मेरो यति रोपनी वा यति बिगा जमिन थियो भनेर बताउन सकेनन् । तर बताएका जति धेरै जसोको खाने पुग्ने नै जमिन भएको पाइयो । केहिको नभएको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.७ : वृद्धाश्रममा आश्रित हुनु अगाडिको जग्गाको स्थिति**

| **जग्गाको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| खानपुग्ने थियो | २० | ५० |
| थिएन | २ | ५ |
| थोरैथियो | १८ | ४५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार खान पुग्ने जग्गा थियो भन्नेहरु ५० प्रतिशत थिए भने थोरै थियो भन्नेहरु ४५ प्रतिशत रहेको र दाईभाइले खाइदिए जग्गा नै दिएनन् त्यसैले थिएन भन्नेहरु ५ प्रतिशत रहेको पाइयो ।

### ४.१५ वृद्धवृद्धाहरुको परिवारसंगको सम्पर्क

उत्तरदातालाई आश्रममा आफ्ना परिवारका सदस्यहरु भेट्न आउछन्की आउदैनन् अर्थात भेट्न आउँदा को को आउने गर्दछन् भनेर प्रश्न सोध्दा उनीहरुको उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.९ वृद्धवृद्धाहरुको परिवारसंगको सम्पर्क स्थिति**

| **पारिवारिक सदस्य** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| छोरा बुहारी | ७ | १७.५ |
| नाती नातिना | ७ | १७.५ |
| छोरी ज्वाइ | ६ | १५ |
| दाजु,भाई, बहिनी | २० | ५० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार उत्तरदातालाइ सबैभन्दा धेरै भेट्न आउने दाजुभाई तथा बहिनीहरु आउने गर्दछन् जुन ५० प्रतिशत रहेको पाइयो किनकी धेरैजसो आश्रित महिलाहरु विधुवा भएकोले आफ्नो छोरा छोरी नभएको हुँदा माइतको दाजुभाइ तथा दिदि बहिनी आउने गरेको पाइन्छ। भने छोरा बुहारी, नाति नातिना १७.५ प्रतिशत र सबैभन्दा कम छोरी ज्वाइ १५ प्रतिशत आउने गरेको पाइयो ।

### ४.१६ आश्रित वृद्धवृद्धाहरुलाई चाडवाडमा पारिवारिक सदस्य लिन आउने वा नआउनेको संख्या

उत्तरदाताहरुलाई हजुरहरुलाई चाडवाडमा घरका सदस्या कोहि लिन आउछन् वा आउदैनन् भनि प्रश्न सोध्दा उनीहरुको उत्तरलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१०**

**उत्तरदाताहरुलाई चाडवाडमा परिवारका सदस्य लिन आउने वा नआउने संख्या**

| पारिवारिक सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| आउछन् | २५ | ६२.५ |
| आउदैनन् | १५ | ३७.५ |
| **जम्मा** | **४०** | **१००** |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार आश्रितहरुलाई चाडवाडमा लिन आउनेको संख्या सबैभन्दा धेरै रहेको पाइयो जुन ६२.५ प्रतिशत पाइयो भने आउदैनन् भन्ने सबैभन्दा कम ३७.५ प्रतिशत पाइयो किनकी उनीहरुको सानैमा बालविवाह भएको र बालविधुवा भएकोले आफ्नै परिवार नभएको र माइतबाट भाई बहिनी कहिलेकाँही आउने बताए ।

### ४.१७ आश्रितका परिवार तथा आफन्तका सदस्य भेट्न आउँदा गर्ने सहयोगको स्थिति

उत्तरदातालाई आफ्ना परिवारका सदस्यहरु भेट्न आउदा के कस्तो सहयोग गर्दछन् त भनेर प्रश्न सोध्दा उनीहरुको उत्तर यस्तो पाइएको छ ।

**चित्र ४.८: आश्रितका परिवार तथा आफन्तका सदस्य भेट्न आउँदा गर्ने सहयोगको स्थिति**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्र अनुसार आश्रितहरुलाई पारिवारिक सदस्य भेट्न आउँदा के कस्तो सहयोग गर्दछन् अर्थात गर्दैनन् भनि प्रश्न सोध्दा सबैभन्दा धेरै ४५ प्रतिशतले वर्षको एक दुइ पटक खानेकुरा ल्याइदिने बताए । त्यस्तै ३२.५ प्रतिशतले आफ्नै घरको त कोहि छैनन् अरुहरुले दुइ तिन वर्षमा एक पटक कपडा ल्याइदिने बताए भने सबैभन्दा थोरै २२.५ प्रतिशतले कहिलेकांहि पैसा दिने बताए ।


# अध्याय पाँच
# जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति विश्लेषण

यस अध्यायमा वृद्धवृद्धाहरुको स्वास्थ्य स्थिति, चुरोट रक्सिको अम्मल गर्ने बानिको विश्लेषण, शारिरिक अवस्था, आश्रममा दिएको खानपानको व्यवस्था, औषधि उपचार प्रति आश्रितको विचार आदिको बारेमा विश्लेष गरिएको छ ।

## ५.१ उत्तरदाताको स्वास्थ्य स्थिति

आश्रममा आश्रित बृद्धबृद्धाहरूको स्वास्थ्य स्थितिबारे जानकारी लिदा धेरैको स्वास्थ्य स्थिति सामान्य रहेको पाइयो केहिको राम्रो रहेको र सबैभन्दा कम ५ प्रतिशतको अवस्था नराम्रो अर्थात निको नहुने रोग सुगर, प्रेसर, बाथ आदि रोगले ग्रसित रहेको पाइयो जसलाई तलको चित्रमा प्रष्ट पारिएको छ ।

**चित्र ५.१: उत्तरदाताको स्वास्थ्य स्थिति**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथिको चित्र अनुसार ४५ प्रतिशत बृद्धबृद्धाहरूले आफ्नो स्वस्थ्यस्थिति राम्रो रहेको बताएका थिए, भने ५० प्रतिशतले सामान्य रहेको र ५ प्रतिशतले नराम्रो स्वस्थ्यस्थिति तथा आफू दिर्घरोगी भएको बताएका छन् ।

## ५.२ उत्तरदाताको आँखा देख्न सक्ने वा नसक्ने अवस्था

आश्रममा आश्रित बृद्धबृद्धाहरूलाई हजुरहरुले आँखा कत्तिको देख्नुहुन्छ वा देख्नुहुन्न भनेर सोधिएको प्रश्नमा धेरैजसो बुढौली भएकोले अलिकम देख्ने गरेको बताए भने केहिले राम्रै देख्ने गरेको र एक जनाको मोतिविन्दु भएकोले आँखा देख्न नसक्ने बताए जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ५.१: उत्तरदाताको आँखा देख्न सक्ने वा नसक्ने अवस्था**

| आँखा देख्न सक्ने वा नसक्ने अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| देख्छु | १६ | ४० |
| अलि कम देख्ने | २३ | ५७.५ |
| नदेख्ने | १ | २.५ |
| **जम्मा** | **४०** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

उक्त तालिका अनुसार ४० प्रतिशत बृद्धबृद्धाहरुले आँखा देख्न सक्ने बताए भने ५७.५ प्रतिशतले अलि कम देख्न सक्ने बताए भने २.५ प्रतिशतको आँखाको देख्ने क्षमता अतिकम( देख्दै नदेख्ने) पाइयो ।

## ५.३ उत्तरदाताको शारीरिक अवस्था

वृद्ध अवस्था यस्तो अवस्था हो जुन अवस्थामा प्राय सबै अंगहरु काम गर्न शिथिल हुदै जाने हुन्छन् । यस्तो अवस्थामा मानिसहरु साह्रै असक्त हुन्छन् । यस उमेरमा विभिन्न रोग व्याधिले आक्रमण गर्दछ । यस आश्रममा आश्रित वृद्धहरु शारीरिक अवस्थाका कारणले पनि आएका छन् । यस आश्रममा आश्रित वृद्धवृद्धाहरुको शारीरिक अवस्थाको जानकारी लिनको लागि यिनिहरुलाई विभिन्न स्वास्थ्य सम्वन्धि प्रश्नावली तथा अन्तर्वाताद्धारा यिनीहरुको स्वास्थ्य अवस्था के कस्तो छ र कस्ता किसीमका रोगले बढि आक्रान्त छन् भनि जानकारी लिदा वृद्धहरुको जीउ, छाती र कम्मर दुख्ने, बाथ, दम, ग्याष्टिक, नसा, खुट्टा, आँखा मुटु, प्रेसर, कान दुख्ने जस्ता रोगले सताएको पाइयो । जुन कुरालाई तलको तालिकाले प्रष्ट पार्दछ ।

### तालिका ५.२: वद्धवृद्धाहरुको रोगको विवरण

| विमार | वृद्ध | प्रतिशत | वृद्धा | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| जीउ, छाती र कम्मर दुख्ने | २ | ५ | ९ | २२.५ | २७.५ |
| बाथ | २ | ५ | ५ | १२.५ | १७.५ |
| दम | १ | २.५ | ४ | १० | १२.५ |
| ग्याष्टिक | २ | ५ | ३ | ७.५ | १२.५ |
| नसा, खुट्टा, आँखा | ३ | ७.५ | ४ | १० | १७.५ |
| प्रेसर, मुटु, कान दुख्ने | २ | ५ | ३ | ७.५ | १२.५ |
| **जम्मा** | **१२** | | **२८** | | **१००** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

यसरी आश्रित वृद्धवृद्धाहरुको शारीरिक अवस्था अध्ययन गर्दा जीउ दुख्ने, कम्मर र छाती सम्वन्धि रोगबाट पीडित वृद्धवद्धाहरु बढि मात्रामा पाइयो । यसरी जीउ दुख्ने, कम्मर दुख्ने, छाती दुख्ने हुनुको कारणमा बुढवुढीको शारीरिक अवस्थाले गर्दा हो ।साथै महिलाहरुमा बढी दुख्नुमा महिलाहरुको स्याहार सुसार नपुगेर वृद्ध अवस्थामा दुखेको हुन सक्छ। जुन २७.५ प्रतिशत थिए त्यस्तै बाथ हुनेहरु १७.५ प्रतिशत, दम १२.५ प्रतिशत, ग्यास्टिक हुनेहरु १२.५ प्रतिशत, आँखाका रोगी १७.५ प्रतिशत, प्रेसर हुनेहरु १२.५ प्रतिशत, आदि रोगहरु भएको पाइयो । यसैपनि वृद्ध भनेको शारीरिक रुपमा अशक्त र विमारी हुने अवस्था हो त्यसमा पनि घर परिवार र सम्पत्तिबाट देखवाल नहुँदा अन्त अवस्थामा वृद्धवृद्धाहरु आर्थिक रुपले पीडित देखिन्छन् ।

## ५.४ औषधि उपचार प्रति आश्रितको विचार

यस वृद्धाश्रममा खाने बस्ने व्यवस्थाको साथै आश्रितहरु विरामी भएको अवस्थामा यिनीहरुको स्वास्थ्योपचारको व्यवस्था पनि मिलाइएको छ। आश्रितहरुको स्वास्थ्योपचारमा एकजना अनमीको सरकारबाट दरबन्दी गरिएको छ। त्यसैगरी विभिन्न सामाजिक संस्थाबाट पनि यस केन्द्रमा आश्रितहरुको स्वास्थ्योपचारका लागि डाक्टरहरु आउने गर्दछन्। जसलाई तलको तालिकामा देखाइएको छ।

**तालिका ५.३: स्वास्थ्योपचारको व्यवस्था बारे आश्रितको विचार**

| विवरण | वृद्ध | प्रतिशत | वृद्धा | प्रतिशत | संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| राम्रो छ | २ | १६.६६ | ९ | ३२.१४ | ११ | २७.५ |
| सुधार हुनुपर्दछ | १० | ८३.३४ | १९ | ६७.८६ | २९ | ७२.५ |
| **जम्मा** | **१२** | **१००** | **२८** | **१००** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९।*

माथिको तालिका अनुसार यसरी आश्रममा हुदै आएको औषधिपचारको व्यवस्थाको बारेमा वृद्धवृद्धाहरुको विचार वुझ्दा राम्रो भनि व्यक्त गर्ने वृद्ध १६.६६ प्रतिशत छन् भने वृद्धा ३२.१४ प्रतिशत रहेको पाइयो भने सुधार हुनु पर्दछ भन्न भन्ने वृद्ध ८३.३४ प्रतिशत छन् भने वृद्धा ७२.५ प्रतिशत रहेको पाइयो।

## ५.५ अम्मल लिने वा नलिने सम्वन्धि जानकारी

यस वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुले अम्मल लिने गरेका छन् वा छैनन् भन्ने सम्वन्धमा जानकारी लिनको लागि आश्रित वृद्धवृद्धाहरुलाई विभिन्न प्रश्नहरुको माध्ययमबाट जानकारी लिइयो। यसरी जानकारी लिदा उनीहरुले दिएको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका ५.४: अम्मल लिने वा नलिने बारे आश्रितको विचार**

| विवरण | वृद्ध | प्रतिशत | वृद्धा | प्रतिशत | संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| अम्मल लिन्छु | ५ | ४१.६६ | ९ | ३२.१४ | १४ | ३५ |
| अम्मल लिन्न | ७ | ५८.३४ | १९ | ६७.८६ | २६ | ६५ |
| **जम्मा** | **१२** | **१००** | **२८** | **१००** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९।*

माथिको तालिका अनुसार यसरी जानकारी लिने क्रममा सबैभन्दा बढी अम्मल नलिने वृद्धवद्धाहरु पाइयो जसमध्ये वृद्ध ४१.६६ प्रतिशत छन् भने वृद्धा३२.१४ प्रतिशत पाइयो त्यसैगरी अम्मल लिन्छु भन्ने वृद्ध ५८.३४ प्रतिशत छन् भने वृद्धा ६७.८६ रहेको पाइयो ।

**चित्र ं.५.२: अम्मल लिने वा नलिने बारे आश्रितको विचार**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्र अनुसार यसरी जानकारी लिने क्रममा सबैभन्दा बढी अम्मल नलिने वृद्धवद्धाहरु पाइयो जुन ७ जना वृद्ध र १९ जना वृद्धा थिए भने अम्मल लिन्छु भन्नेमा ५ जना वृद्ध र ९ जना वृद्ध रहेको पाइयो । प्रायजसो वृद्धवृद्धाहरुले विभिन्न दाताहरुले दिएको दान दक्षिणा पैसाले साथै कोहि वृद्ध भत्ताबाट अम्मल किनेर खाएको पाइयो भने केहि वृद्धवृद्धाहरु अम्मलीकै रुपमा नरहेका, कोहि भेट्टाएमा वा तलतल लागेमा मात्र चुरोट तान्ने गरेको बताए ।

## ५.६ उत्तरदाताको निद्रा सम्वन्धि जानकारी

जब मानिस बुढौली हुदैजान्छ उसको निद्रा पनि कम हुदै जान्छ। उ एक्लै अनेकन कुराहरु सोच्दै बस्छ। यसैले उत्तरदातालाई तपाइहरुलाई कत्तिको निद्रा लाग्छ भनेर प्रश्न सोध्दा उनीहरुले दिएको उत्तरलाई तलको तालिकामा देखाइएको छ।

**तालिका ५.५: आश्रितहरुको निद्राको स्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लाग्छ | १६ | ४० |
| अलिकम लाग्छ | २२ | ५५ |
| त्यति लाग्दैन | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९* ।

माथिको तालिकामा देखाईए अनुसार धेरैले निद्रा अलिकम लाग्छ भने जुन ५५ प्रतिशत रहेका छन्। त्यस्तै निद्रा लाग्छ भन्नेहरु ४० प्रतिशत रहेको पाइयो भने बुढौली अवस्थामा निद्रा त्यति लाग्दैन भन्नेहरु सबैभन्दा कम ५ प्रतिशत रहेको पाइयो।

## ५.७ आश्रितहरुको कोठामा सुत्ने संख्याको अवस्था

आश्रममा आश्रित वृद्धवृद्धाहरुलाइ एउटा कोठामा कति जना सुत्नुहुन्छ हजुरहरुलाई सुत्नमा कुनै समस्या परेको छ वा छैन भनि प्रश्न सोध्दा उनीहरुले जनतन चलेकै छ। ठिकै छ। कुनैमा एक जना, कुनै दुइ जना र तीन वा सो भन्दा बढी पनि एउटै कोठामा सुत्ने गरेको बताए जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.६: आश्रितहरुको कोठामा सुत्ने संख्याको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| एक जना | १० | २५ |
| दुइ जना | १६ | ४० |
| तीन वा सो भन्दा बढि | १४ | ३५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथिको तालिका अनुसार एउटा कोठामा एक्लै सुत्छु भन्ने सबै भन्दा कम २५ प्रतिशत पाइयो । उनीहरु धेरै वर्ष अघि देखि एक्लै सुत्दै आएको र उनीहरुको कोठा पनि पुरानो खालको र अलि सानो सानो रहेको पाइयो त्यस्तै दुइ जना सुत्ने सबै भन्दा बढि पाइयो जुन ४० प्रतिशत छन् भने तीन वा सो भन्दा बढि जना सुत्छौ भन्ने ३५ प्रतिशत पाइयो ।

### ५.८ वृद्धवृद्धाहरुको दिन चर्या

आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई आश्रममा हजुरहरु के गरेर बस्नुहुन्छ भनेर प्रश्न सोध्दा धेरैले भजन किर्तन गरेर बस्छौं भने, केहिले बत्ति काटेर बस्ने गरेको बताए भने सबैभन्दा थोरै र जो काम गर्न सक्ने छन् तीनिहरुले आश्रममा गाई पाल्ने गरेकोले ती गाईहरुको स्याहार सुसार गर्ने गरेको बताए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७: आश्रितहरुको दिन चर्या**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| भजन किर्तन गरेर | १८ | ४५ |
| बत्ति काटेर | १६ | ४० |
| गाईको स्याहार गरेर | ६ | १५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*


माथिको तालिकामा देखाइए अनुसार आश्रममा आश्रित वृद्धवृद्धाहरु मध्य सबैभन्दा धेरै अर्थात जो अलि धेरै वृद्ध छन् उनीहरुले भजन किर्तत गरेर बस्ने गरेको बताए जुन ४५ प्रतिशत थिए भने बत्ति काटेर बस्नेको संख्या ४० प्रतिशत पाइयो भने गाईको स्याहार गरेर बस्नेको संख्या सबैभन्दा कम पाइयो र उनीहरुको काम गर्नसक्ने अवस्था भएको पाइयो जुन १५ प्रतिशत थिए ।

### ५.९ आश्रममा आश्रितहरुको आम्दानीको विवरण

आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई तँपाइहरुले आश्रममा आम्दानी हुने कुनै कार्य गर्नुहुन्छ वा हुदैन भनेर प्रश्न सोध्दा धेरैले गर्दिन भने । केहिले गर्छु, के गरेर बस्ने र ? अलि अलि बत्ति काटेर दिन बिताएर बस्ने गरेको बताए । उत्तरदातालाई तँपाइले धागो किन्ने पैसा कँहाबाट पाउनुहुन्छ ? अनि  कसले बेचिदिन्छ भनि प्रश्न गर्दा धागो आफ्नो वृद्धभत्ताबाट किन्ने गरेको

बताए। साथै नजिकै बजार भएकाले व्यापारी स्वंय आफै आश्रममा आई किन्ने गरेको बताए। यसबाट प्राप्त भएको पैसाले आश्रमले उपलव्ध गराउने बाहेकका आफ्ना आवश्यकताका बस्तुहरु कीन्ने गरेको बताए। आश्रितको आम्दानीको विवरणलाई तलको चित्रले प्रष्ट पार्दछ।

**चित्र ५.३ आश्रितहरुले कुनै काम गर्ने /नगर्ने सम्वन्धि जानकारी**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्रमा प्रस्तुत गरिए अनुसार आश्रममा आश्रितहरुले आम्दानी हुने केहि कार्य नगर्नेको संख्या सबैभन्दा धेरै देखियो जुन ८७.५ रहेको पाइयो भने बसेको समयमा बत्ति काटेर यसैबाट आएको पैसाले उपचार गर्ने तथा आफ्ना आवश्यकताका वस्तुहरु किन्नेको संख्या सबैभन्दा कम पाइयो जुन १२.५ प्रतिशत रहेका छन्।

# अध्याय छ

# आश्रममा उपलब्ध सुबिधा र त्यसप्रति आश्रितका प्रतिक्रियाहरु

## ६.१ वृद्धाश्रमको संरचना र व्यवस्थापन

स्याङ्जा जिल्ला साँखर गा.वि.स. वडा नं. ६ श्री कृष्ण गण्डकीको पावन तट केलादीधाममा अवस्थित श्री राधा दामोदर मन्दिर, नेपाल निम्बाकपीठ सुप्रसिद्ध तीर्थस्थलको रुपमा विख्यात छ। अध्यात्म समन्नतिका निम्ति प्राचिन ऋषि परम्परा कायम गर्दै अहिंसा मुल मन्त्रका माध्यामबाट सनातन धर्म संस्कृतिको संरक्षण, प्रवर्द्धन र संपोषण गर्ने निर्मल उद्धेश्य लिएर यस संस्था संस्थापित र सञ्चालित भएको हो। स्याङ्जा मग्याम चिसापानी गा.वि.स. मग्याममा वि.सं. १९५० सालमा जन्मनुभएका विद्वान मनीषी, ऋषि प्रतीक, अनन्त श्री विभूषित, स्वर्गीय भगवत् शरण देवाचार्य महाराज ज्यू बाट २०१३ सालमा यस संस्थाको स्थापना भएको हो ।

स्थापना काल देखिनै संस्था र संस्थापक कै अभिभावकत्व र संरक्षकत्वमा सयौं संख्यामा वृद्धवृद्धा, अनाथ, असहायहरु रही अनौपचारिक रुपमा वृद्धाश्रम सञ्चालन हुदै आएको परम्परा थियो। संस्थापक ज्यू कै जीवनकालमा व्यवस्थान गरिएका जग्गाको आयबाट कल्पवासी वृद्ध वृद्धाहरुलाई आवास उपचार र भोजन सेवा उपलब्ध गराउँदै दैनिक भगवान राधा दामोदरको पूजा अर्चना , अखण्ड हरिनाम संकीर्तन, अखण्ड अग्निशालामा दैनिक हवन, गौ सेवा, अतिथि सेवा, दैनिक सत्सङ्ग प्रवचन, संस्कृत शिक्षालयहरुको सञ्चालन जस्ता धार्मिक एवं आध्यात्मिक कृत्यको माध्यमबाट सेवामुलक, उपदेश मुलक, सन्देशमुलक र शैक्षिक जागरणका कार्यक्रमहरु सञ्चालन हुदै आएका छन् ।

मनव जीवनको एतिहासिक, परलौकिक र पारमार्थिक कल्याण र सार्थकता मानव सेवामा सम्मिलित हुनुमा छ। मानव सेवा धर्म नै भगवत उपासना हो जस्ता संस्थापक का व्यवहार र प्रवृत्तिहरु आजको सन्दर्भमा अत्यन्त प्रेरक र मननीय लागेकोले अनौपचारिक रुपमा सञ्चालित वृद्धाश्रमलाई औपचारिक र संस्थापक को सन्देश र उपदेशको प्रयोग गर्नु भन्ने लागेकोले २०६६ साल मा श्री राधा दामोदर आरोग्य आश्रम नामक वृद्धाश्रम स्थापित र सञ्चालित छ ।

उक्त आरोग्य आश्रमलाई परम्परागत सञ्चालन प्रणालीबाट संस्थागत र आधुनिकीकरण गर्न गराउन र अग्रगमन तिर लैजान यस भेगका संस्था र धर्मप्रेमी प्रवृद्ध महानुभावहरुको सहयोग, सद्भाव र दानदातव्यको अग्रगव्य स्थान छ र हुन्छ । उक्त आश्रमको आवास भवन निर्माण प्रयोजन र व्यवस्थापनार्थ नेपाल सरकार महिला तथा बालबालिका मन्त्रालयबाट अनुदान प्रदान गर्नुभएको सन्दर्भ स्मरणीय र कदरयोग्य छ ।

**६.२ स्याङ्जा केलादीघाट स्थित श्री राधा दामोदर आरोग्य वृद्धाश्रमको व्यवस्थापन :**

नेपाल एउटा हिन्दु अधिराज्य भएकोले हिन्दु धर्ममा आधारित छ । यहाँका मानिसहरु धर्ममा बढि विश्वास राख्ने भएकोले दिन दुःखी असहाय वृद्धहरुलाइ सहयोग गर्न धारा, पाटी, पौवा, धर्मशाला बनाउन तथा गुठी राख्न आदि प्राचिनकालदेखि नै गर्दै आएको पाइन्छ । धर्ममा बढी विश्वास राख्ने भएकोले यी सबै कार्यलाई धार्मिक कार्य सम्झिन्छ जसबाट समाजकल्यण हुन्छ । यसरी विकसित हुदै गएको सामाजिक सेवाको भावना फैलिएर अहिले देशभित्र विभिन्न सामाजिक संस्थाहरु खुलेका छन् । यस्ता सामाजिक संस्थाहरु कतिपय विश्वका विभिन्न देशका स्थापित भएर नेपालमा त्यसका शाखा उपशाखा खोलिएका छन् । जस्तै एसोएस बालग्राम, रेडक्रस सोसाइटी, लायन्स क्लव आदि । यस्तै प्रकारले समाजमा रहेका असहाय, असक्त, निर्धन वृद्धवृद्धाहरुलाई धार्मिक तथा शान्त वातावरणमा बाँकी जीवन आफ्नो इच्छा अनुसार बिताउन पाउन्, खान र बस्न पुर्ण सुविधा होस् भन्ने हेतुले यस आश्रमलाई श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा परिणत गरियो । पहिले आश्रम व्यवस्थापनबाट र दान दातव्यहरुले दिएको अनुदानबाट गुजारा चलेको थियो भने २०६६ साल देखि नेपाल सरकार तथा समाजकल्याण मन्त्रालय अन्तर्गत सञ्चालित भइरहेको छ । यस आश्रमको आर्थिक विश्लेषण बारे जानकारी दिदा वि.सं. २०६६ सालदेखि वार्षिक बाह्र लाख रुपैयां भवन निर्माण तथा आश्रम व्यवस्थापनको लागि सरकारले उपलब्ध गराउदै आएको छ । साथै मासिक रु चालिस हजार आश्रम व्यवस्थापनमा खर्च हुने गरेको छ । सरकार पक्ष तथा दाताहरुको सहयोगबाट आश्रम व्यवस्थापन चलेको छ ।

**६.३ कर्मचारी व्यवस्थापन**

यस वृद्धाश्रमको कार्य सुचारुपले सञ्चालन गर्नको लागि विभिन्न कर्मचारीको दरबन्दी गरिएको छ । जुन निम्नानसार छन् :

१. कार्यलय प्रमुख  १

२. कर्मचारी संख्या २

३. कार्यालय सहयोगी १

४. स्वास्थ्य कर्मी  १

५. भान्से  १

६. पीयन  १

### ६.४ वृद्धवृद्धाहरुले आश्रय पाउने तरिका

श्री राधा दामोदर आरोग्य आश्रममा खासगरी ६० वर्षदेखिका नेपाली नागरिक जो अशक्त, अपहेलित, अनाथ तथा निर्धन् छन् उनीहरुलाई मात्र आश्रय दिइने भएकोले उनीहरु आश्रय लिनको लागि स्थानीय गा.वि.स तथा नगरपालिकाका अध्यक्ष आदिले चल अचल सम्पत्ति नभएको, अपहेलित, निर्धन, ६० वर्ष नाघेको भनि सीफारिस गरिएको पत्र ल्याउनु पर्दछ ।

उक्त आदेश बाहेक वृद्धाश्रमको कार्यलयले यदि सो व्यक्ति वृद्धाश्रममा बस्न योग्य छ र वृद्धाश्रमको स्थन खालि पनि छ साथै उसले केहि सम्पत्ति ल्याएर आएको छ भने सो वृद्ध वा वृद्धालाई आश्रममा आश्रय दिईन्छ ।

### ६.५ आश्रममा आश्रित वृद्धवृद्धहरुलाई स्वास्थ्यकर्मीको व्यवस्थाः

वृद्ध अवस्था जीवन प्रक्रीयको एक अन्तिम अवस्था हो । जहाँ पुगीसक्दा मानिसहरुलाई अनेकौ शारिरिक मानसिक मनोवैज्ञानिक रुपले अशक्त, जीर्ण र कमजोर हुन्छन् । यसरी यस उमेरमा उनीहरुलाई विभिन्न रोगहरुले छिट्टै नै सताउने गरेको देखिन्छ । वृद्धवृद्धाहरुलाई खासगरी वीपी बढ्ने, मुटुको रोग, आँखाको रोग, दमको रोग, पिसाबको समस्या आदि जस्ता रोगले सताइरहेको देखिन्छ । यस वृद्धाश्रममा आश्रित वृद्धवृद्धहरुलाई पनि देखिने गरेकोले यिनीहरुलाई स्वास्थ्य उपचारको लागि वृद्धाश्रममा स्वास्थ्यकर्मीको व्यवस्था यस प्रकार गरिएको छ ।

१. सरकारको दरबन्दि एक अनमीको व्यवस्था गरिएको छ

२. वडामा महिनाको एक दिन वृद्धवृद्धाहरुलाई निशूल्क स्वास्थ्य परिक्षको व्यवस्था गरिएको छ ।

३. बेला बेलामा अन्य संघ संस्थाबाट पनि एकदिने स्वास्थ्य शिविर खडा गरी औषधि उपचारको सेवा पर्याउदै आएको देखियो । यस आश्रममा असहाय बिरामीहरु प्राय यहाँ नै उपचार गराउने गर्छन् । यसरी उपचार गराउँदा उपचार हुन नसक्ने बिरामीहरुलाई मणिपाल, गण्डकी तथा नजिकैको अस्पतालमा लगी उपचार गराउने व्यवस्था छ । यसरी यस वृद्धाश्रममा वृद्धहरुको स्वास्थ्य उपचारको लागि विभिन्न संघ संस्थाबाट स्वास्थ्यकर्मीहरु आउने गरेको देखिन्छ ।

### ६.६ आश्रित वृद्धवृद्धाहरुले पालना गर्नुपर्ने नियमहरुः

अनुशासन भन्ने कुरा मानवजीवनमा अत्यावश्यक हुन्छ । यसरी मानवले हरेक क्षेत्रमा अनुशासित हुने विभिन्न नियमहरु पलना गर्नुपर्ने हुन्छ । यस आश्रमका वृद्धवृद्धाहरुले पालना गर्नुपर्ने केहि नियमहरु निम्न छन् ।

क) बिहान सबेरै ६.०० बजे उठ्ने ।

ख) बिहान ७.०० बजेसम्म सौच स्नान गरिसक्ने र चिया खाने ।

ग) बिहान ७.१५ देखि भजन कीर्तन गर्ने वा भगवानको दर्शन गर्ने।

घ) बिहान ११.००बजेसम्म खानाखाने ।

ङ) दिउसो २.०० बजे चिया खाने ।

च) बेलुकी ७.०० बजे खाना खाने । अनि भजन कीर्तन गर्ने , टी.भी हेर्ने, अनि सुत्ने ।

छ) सक्त वृद्धाहरुले आफ्नो लुगा धुने तथा नुहाउने जस्ता आफ्नो सरसफाईमा आफैले विशेष ध्यान दिनु पर्ने हुन्छ । अशक्त वृद्धहरुलाई कार्यलयबाट सेवा पुर्याइरहेको पाइन्छ ।

ज) कुनै वृद्धवृद्धाहरुलाई कुनै काम विशेषले आश्रमबाट बाहिर जानु परेमा आश्रमको मूल व्यक्तिलाई सोधेर जानुपर्ने र बेलुकी पुन आश्रममा आउनुपर्ने ।

झ) आश्रममा आश्रित सबैसंग राम्रो व्यवहार गर्ने तथा एकअर्कासंग मेलमिलापसाथ रहने र एक अर्कालाई परेको बेलामा तथा असक्तलाई सहयोग गर्ने ।

ञ) कार्यलयको कर्मचारीसंग राम्रो संग व्यवहार गर्नुका साथै उनीहरुले दिएको सुझावको पालना गर्ने ।

ट) यहा आश्रित वृद्धवद्धाहरु यहाँबाट बाहिर गई माग्न तथा कुनै अनैतिक कार्य गर्न नपाइने, यदि कुनै आश्रितले यस्तो काम गरेको थाहा हुन आएमा वा गरेको प्रमाणित भएमा दण्डस्वरुप बाहिर कतै जान दिइदैन ।

**६.७ आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई खानाको व्यवस्था :**

| | |
|---|---|
| बिहान | चिया |
| बिहानको खाना | दाल, भात, तरकारी |
| दिउसो | चिया |
| बेलुकीको खाना | दाल, भात, तरकारी |

यसबाहेक विभिन्न दाताहरुले कहिलेकाही खाना खुवाउनका साथै दिउसो प्राय जसो खाने कुरा बाढ्ने गरेको पाइयो । आश्रमले पनि दशैं, तिहार, जनैपूर्णिमा, माघेसंक्रान्ति, जस्ता चाडवाडमा चाडवाड अनुसारको खाना दिने गरेको छ ।

**६.८ आश्रितहरुलाई कपडाको व्यवस्था :**

यस आश्रममा आश्रित वृद्धवृद्धाहरुले वर्षमा १ पटक कपडा वडादशैमा प्राप्त गर्छन् ।

**वडादशैमा**

| | |
|---|---|
| वृद्धहरुलाई | वृद्धाहरुलाई |
| दौरा, सुरवाल | गुन्यु चोलो, पेटिकोट र धोती |
| जुत्ता, गन्जि, कट्टु, टोपी | जुत्ता, मजेत्रो |
| सुइटर | सुइटर |

**६.९ कार्यालय आश्रमबाट सम्पन्न गरिएका कार्यहरु :**

यस आश्रममा कार्यरत ७ जना कर्मचारी र स्वयम सेवी पत्रकार, विद्यार्थी र वृद्धवृद्धाहरु समेतको सल्लाह, सुझाव र सहयोगबाट आश्रमले विभिन्न कार्यहरु सम्पन्न गरेको र आगामी दिनहरुमा पनि यस्ता कार्यहरुलाई निरन्तरता दिदै लगिने छ ।

१. कार्यालयको सुव्यवस्थित तथा सरसफाई

२. भान्सामा केही सुधार

३. खानेपानी तथा फील्टरको व्यवस्था

४. शौचलाय निर्माण तथा व्यवस्था

५. वृद्धवृद्धालाई परिचय पत्रको व्यवस्था

६. स्वास्थ्य सुदृढिकरणको व्यवस्था

७. समय समयमा सञ्चारकर्मीहरुको सहयोगमा आश्रमको बारेमा जनमानसमा जानकारी गराउदै आएको ।

८. विभिन्न, संघ संस्था तथा व्यक्तिहरुबाट आश्रमको लागि आवश्यक समानहरु उपलब्ध गराउदै आएको ।

## ६.१० आश्रमबासीको रहन–सहन र दैनिक जीवन पद्धती :

यस आश्रममा आश्रित वृद्धहरुको दैनिक जीवन सामान्य आश्रमको नियमअनुसार नै वितेको छ । अशक्त बाहेक प्राय सबै बिहान ६ बजे देखि ६.३० बजेतिर उठेपछि नित्य कर्म गरी कोहि आफुसंग राखेको भगवानको पूजा गर्दछन् । कोहि वृद्धवृद्धाहरु नजीकै रहेको काली गण्डकीमा गई नित्य स्नान गर्दछन् । कोहि आश्रममानै पालेका गाईको सेवा गर्दछन् । विहानको ७ बजे चिया समयमा सबै जनाले चिया खाएपछि शुरु हुन्छ भजन किर्तन । बिहान बेलुकी अनिवार्य दुई घण्टा गरिने भजन किर्तनमा प्राय शक्त भक्तहरु सबै उपस्थित हुन्छन् । त्यसपछि शुरु हुन्छ विहानको खाना खाने समय १० देखि ११ सबै आफ्नो रुची अनुसारको खाना खान्छन् । असक्तहरु घाम ताप्ने वा सुत्ने गर्दछन् भने सक्तहरु कोहि आफ्नो सरसफाई, आश्रमको सरसफाई गर्ने गर्दछन् । कोहि बत्ति कात्ने काम गर्दछन् । दिउँसोको २ बजे चिया समय रहन्छ । सबैजना चिया खान्छन् । चियाको समयमा दाताहरुद्वारा वितरित बिस्कुट तथा अन्य खाजा खान्छन् । पुन : आफ्नो बत्ति काट्ने, आफन्त आएमा गफगाफ गर्ने आदि कार्य गरिनै रहेका हुन्छन् ।  बेलुका ५ बजे खाना खाने त्यसपछि समय भजन कीर्तन गर्ने कार्य गर्छन् । कोही टि.भी. हेर्ने गर्छन् भने कोहि रेडियो सुन्ने आदि कार्य गर्छन् । त्यसपछि उनीहरु सुत्ने कार्य गर्दछन् ।


## ६.११ आश्रममा दिएको खानाबारे आश्रितहरुको विचार :

यस आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई खाना बनाउनको लागि १ जना भान्से तथा भाँडा सफा गर्न र दिशा पिसाव गराउन सहयोग गर्ने १ जना टहलुवाको व्यवस्था गरिएको छ । यहाँ आश्रित धेरैले एउटै भान्सामा खाना खाने गर्दछन् भने केहिले आफ्ना आफ्ना स्थानमा

छुट्टै पकाएर खाने गर्दछन् । बिरामी तथा असक्त वृद्धवृद्धाहरुलाई उनीहरु बसेकै सीटमा नै पुर्‍याइदिने व्यवस्था भएको छ । चाडपर्वमा चाडपर्व अनुसारको खानाको व्यवस्था हुन्छ । जस्तै दशैमा मासु, तिहारमा सेल , माघे संक्रान्तिमा तरुल, चाकु, जनैपूर्णियामा क्वाँटी आदि ।

यसरी यस वृद्धाश्रमले उपलब्ध गराएको खाना सन्तोषजनक छ की छैन र दिएको खानाबारे केहि गुनासो छ कि ? भन्ने कुराको जानकारी हासिल गर्नको लागि छनौटमा परेका वृद्धवृद्धाहरुलाई विभिन्न प्रश्नहरु राखियो । जुन कुरालाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**चित्र ६.१: वृद्धाश्रममा दिएको खानाबारे आश्रितको विचारमा चित्र**




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्रमा देखाए अनुसार विभिन्न प्रश्नहरुका माध्यमबाट आश्रितहरुसंग खानाको जानकारी लिंदा धेरैले आश्रमले उपलब्ध गराएको खानामा सन्तोष व्यक्त गरे जुन ६२.५ प्रतिशत छन् भने ३७.५ प्रतिशत वृद्धवृद्धाहरुले आश्रमबाट उपलब्ध गराउने खानामा असन्तुष्टी व्यक्त गरे ।

### ६.१२ आश्रमबारे आश्रितको विचार

विभिन्न जात, धर्म तथा पारिवारिक स्थिति भएका तथा विभिन्न ठाँउका वृद्धवृद्धाहरु आफ्नो आर्थिक, सामाजिक र धार्मिक कारणले गर्दा आफ्नो घरपरिवार नाता, कुटुम्बलाई छाडेर वृद्धाश्रममा आश्रित हुन पुगेका छन् । आफ्नो परिवारबाट स्याहार सुसार, आदर सत्कार तथा

माया–ममता पाई आनन्दसंग आफ्नो घरमा धर्म, कर्म गरी दिन बिताउनुपर्ने उमेरमा यस आश्रममा बस्नुपर्दा कस्तो लाग्छ भनी जानकारी लिंदा रमाईलो त घर परिवारमानै हुन्छ नि तर जे भएपनि अब त रमाइलो लाग्छ । यहाँको जीवन आनन्दको छ भन्ने वृद्धवृद्धाहरु बढी पाइयो जुन कुरा तलको तालिकाबाट पनि प्रष्ट बुझ्न सकिन्छ ।


**तालिका ६.१ आश्रमबारे आश्रितको विचार**

| विवरण | वृद्ध | प्रतिशत | वृद्धा | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| आनन्दको अनुभव | ७ | १७.५ | २० | ५० | ६७.५ |
| ठिकै | ५ | १२.५ | ८ | २० | ३२.५ |
| **जम्मा** | **१२** | **३०** | **२८** | **७०** | **१००** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार आश्रममा बदा आनन्दको अनुभव गर्नेको संख्या सबैभन्दा बढि देखियो जुन ६७.५ रहेका छन् । आफ्नो आर्थिक अवस्थाले र कर्मले गर्दा स आश्रममा बाध्य भएर बस्नु पर्छ। आफ्नो घरपरिवारको माया नपाई दःखी जीवन जिउनु परेको छ भन्दै आश्रमको जीवन ठिकै ठिकै छ भन्ने वृद्धवृद्धाहरुको संख्या ३२.५ प्रतिशत रहेको छ

**चित्र ६.२: आश्रमबारे आश्रितको विचारमा आधारस्तम्भ**




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको चित्र अनुसार आश्रममा बस्दा आनन्दको अनुभव गर्ने वृद्धको संख्या ७ थियो भने वृद्धाको संख्या २० थियो यस्तै आश्रममा बस्दा ठिकैको अनुभव गर्ने वृद्धको संख्या ५ र वृद्धाको संख्या ८ भएको पाइयो ।

### ६.१३ कर्मचारीबारे आश्रितको विचार

विभिन्न ठाँउबाट आएका आश्रितहरुको रहन सहन, बानी व्यहोरा एकै किसिमको हुदैन । कुनै वृद्धलाई त्यही कुरा ठिक लाग्छ भने कुनै वृद्धलाई त्यहि कुरा ठिक नलाग्न सक्छ । त्यसै हुनाले उनीहरुले आफ्नो व्यवहार अनुसार अरुसंग व्यवहार गर्दछन् । वृद्धवृद्धाले धेरै वर्ष बिताइसकेका हुनाले उनीहरुले आफ्नो जीवनमा आउने आरोह अवरोहहरु पनि स्विकारी सकेका छन् । उनीहरु उमेरको पाकोले गर्दा धेरै सुख दु:खका कुराहरु भोगीसकेका छन् । आफ्ना परिवारबाट स्याहार सुसार आदर सत्कार तथा माया ममता पाउनु पर्ने अवस्थामा अपहेलित भएर वृद्धाश्रममा आश्रय लिन आइपुगेका छन् । त्यहाँ पनि उनीहरुलाई खानपान, औषधोपचार अप्ठेरो परेको बेलामा कर्मचारीहरुको व्यवहार उनीहरुलाई कस्तो लाग्दछ भनेर सोधिएको प्रश्नमा राम्रो लाग्ने, नलाग्ने जस्ता कुराहरु बताए । धेरैजसो वृद्धहरुले हाल भई रहेको कार्यालय प्रमुखलाई मन पराए तर अन्य केहि कर्मचारीहरुलाई त्यति मन नपराएको पाइयो । वृद्धाश्रममा काम गर्ने कर्मचारीहरु तपाँईलाइ मन पर्दछ या पर्दैन भन्ने प्रश्नमा मन पर्छ भन्नेको संख्या सबैभन्दा धेरै ६७.५ प्रतिशत पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ६.२: कर्मचारीबारे आश्रितको प्रतिक्रिया**

| प्रतिक्रिया | वृद्ध | प्रतिशत | वृद्धा | प्रतिशत | संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| कर्मचारी राम्रो छ | ८ | ६६.७ | १९ | ६७.९ | २७ | ६७.५ |
| कर्मचारी राम्रो छैन | ४ | ३३.३ | ९ | ३२.१ | १३ | ३२.५ |
| **जम्मा** | **१२** | **१००** | **२८** | **१००** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिकामा देखाइए अनुसार वृद्धाश्रममा काम गर्ने कर्मचारीहरु मन पर्दछ भन्नेको संख्या सबैभन्दा धेरै ६७.५ प्रतिशत पाइयो भने ठिकै छन् वा मन पर्दैन भन्ने वृद्धवद्धाहरुको संख्या ३२.५ प्रतिशत रहाको पाइयो ।

## ६.१४ वृद्धवस्थाको अवस्था

वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुलाई वृद्ध भएर बाच्न कत्तिको गाह्रो हुन्छ भनेर प्रश्न सोध्दा उनीहरुले दिएको उत्तरलाई तलको तालिकामा देखाइएको छ ।


**तालिका ६.३: वृद्धवस्थाको अवस्था विवरण**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अलिअलि गाह्रो | २६ | ६५. |
| गाह्रो छैन | ९ | २२.५ |
| ज्यादै गाह्रो | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथिको तालिका अनुसार धेरैले अलिअलिगाह्रो हुन्छ भने जसको संख्या ६५ प्रतिशत रहेको पाइयो, त्यस्तै गाह्रो छैन भन्नेको संख्या २२.५ प्रतिशत पाइयो भने ज्यादै गाह्रो छ भन्नेको संख्या सबैभन्दा कम १२.५ प्रतिशत रहेको पाइयो किनकी उनीहरु साह्रै वृद्ध भएको पाइयो ।

**चित्र नं.६.३: वृद्धवस्थाको अवस्थाको विवरण**





*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।*

माथि उल्लेख गरिएको चित्र अनुसार वृद्धवस्थालाई अलिअलि गाह्रो मान्नेको संख्या २६ देखियो भने वृद्धवस्था गाह्रो  छैन भन्नेको संख्या ९ थियो त्यस्तै वृद्धवस्थालाई साह्रै गाह्रो मान्नेको संख्या सबैभन्दा कम देखियो जुन ५ जना थिए ।

## ६.१५ आफ्नो परिवारमा पुनः फर्किन चाहने वा नचाहने वृद्धवद्धाहरु

यस समाजकल्याण केन्द्र वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरु आफ्नो घरपरिवार केहि सम्पत्ति नभई, रोगी भई तथा आफ्नो आफन्तलाई छाडेर वा उनीहरुबाट अपहेलित भएर वा अन्य कारणवस यस आश्रममा  आश्रित भएका  छन् । यी वृद्धवृद्धाहरुलाई आफन्त वा घरको कोहि व्यक्ति लिन आएमा वा बाहिर आफुले गर्न सक्ने कुनै काम पाएमा आश्रम छाडी जानुहुन्छ भन्ने प्रश्न गर्दा प्राय सबैले नकरात्मक जवाफ दिए । यसरी आश्रम छाडेर जान नचाहनुको कारणहरु केलाई हेर्दा धेरै जना वृद्धवृद्धाहरुको आर्थिक अवस्था एकदमै कमजोर भएको, आफ्नो परिवारमा अपहेलित भएको वा उनीहरुले आफुलाई साह्रै चित्त दुखाएकाले पुनः जान नचाहने र शारिरिक रुपले कमजोर भएका कारणले केहि नगरी खान नसक्ने अवस्था भएको तथा कोहि आफन्त भएको कारणले विरामी पर्दा तथा असक्त हुँदा स्याहार सुसार गर्ने, औषधि उपचार गर्न कोहि नभएकोले र यस आश्रममा सजिलैसंग  गाँसबास तथा औषधि उपचार गर्ने कोहि नभएको र यस आश्रममा सजिलैसंग गाँसबास तथा औषधि उपचारको व्यवस्था भएको कारणले आश्रम छाडि जान नचाहेको बताए । यस श्री राधा दामोदर आरोग्य वृद्धाश्रम श्री कृष्ण गण्डकीको पावन तटमा अवस्थित भएकोले तिर्थस्थलमा मृत्यु भएमा मोक्ष प्राप्त हुन्छ भन्ने विश्वासका साथ यस आश्रममा आश्रित भएको बताउनेको संख्या सबैभन्दा धेरै देखियो । जसलाई तलको चित्रमा प्रष्ट पारिएको छ ।

चित्र ६.४ प्रतिशतका आधारमा घर फर्कन चाहने वा नचाहने वृद्धवृद्धाहरु





*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९*

माथिको चित्र अनुसार तिर्थमा मर्ने विचार छ भन्नेको संख्या सबैभन्द बढि देखियो जुन ६० प्रतिशत रहेछन् भने मेरा आफन्त कोहि छैनन्, मलाई लिन पनि आउदैनन्, बाहिर काम गर्न पनि सक्दिन यसैले म जान्न भन्नेको संख्या २७.५ प्रतिशत रहेछन् यस्तै गरी विचार गर्नुपर्छ भन्नेको संख्या सबैभन्दा कम १२.५ प्रतिशत रहेको छ। यी वृद्धवृद्धाहरु प्रायः भर्खरै यस आश्रममा आएका तथा पारिवारिक आर्थिक स्थिति अन्य वृद्धवृद्धाहरुको तुलनामा राम्रो भएका पर्दछन् ।

### ६.१६ आश्रममा बस्दा एक अर्कोमा हुने भेदभावको विवरण

आश्रममा विभिन्न जातजाति, भाषा भाषि, रोगी निरोगी रहेकोले ती आश्रित वृद्धवृद्धाहरुलाई हजुरहरुको एक अर्कोमा भेदभाव हुन्छ वा हुदैन भनी प्रश्न सोध्दा धेरैले भेदभाव नहुने बताए। जसलाई तलको चित्रमा प्रष्ट पारिएको छ

चित्र ६.५: भेदभावका आधारमा प्रतिशत




स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९

माथिको चित्र अनुसार एक अर्कोमा भेदभाव हुन्न भन्नेको संख्या सबैभन्दा बढि देखियो जसको संख्या ४२.५ प्रतिशत पाइयो, गर्न सक्ने वा नसक्नेमा हुने भेदभाव २५ प्रतिशत पाइयो भने रोगी निरोगीमा रहेको भेदभाव २० प्रतिशत पाइयो त्यस्तै जातिए भेदभाव सबैभन्दा कम १२.५ प्रतिशत रहेको बताए ।

### ६.१७ वृद्धाश्रममा आउनु पर्नाका कारणहरु

चेतनशील उत्कृष्ट प्राणीको नाताले मानिसले आफ्नो सन्ततीलाई माया, ममता पुर्‍याउनुको अतिरिक्त भविश्यमा उनीहरुको जीवन सहज, सरल र सुखमय होस् भन्ने भावना राखी आफैंलाई मेटाएर भएपनि अत्यधिक माया ममता दिएका हुन्छन् । तर वृद्धावस्थामा पुगी आफू असक्त हुदै गएपछि आफ्नो सन्ततीमाथि अपेक्षा गर्नु स्वभाविक पनि हो । आफ्नो वृद्ध भएका वावुआमालाई माया, ममता तथा उचित स्याहार गरी पाल्नु छोरा छोरीहरुको कर्तव्य हुन आउछ भने वृद्धहरु पनि आफ्नो छोरा बुहारी छोरी तथा नाति नातिनीसंग मिलेर बस्ने धार्मिक तथा सामाजिक कृयाकलापमा भाग लिन र आफूले सक्ने सानो तिनो काम गरी आफ्नो परिवारमा रमाउदै सुखमय जीवन विताउन पर्नेमा यस्तो घर परिवार छोडेर कतिपय

वृद्धवृद्धाहरु यस आश्रममा आश्रित हुन पुगेका छन् । यसरी आश्रित भएका वृद्धहरु कुन कारणले यस आश्रममा आश्रित हुन पुगे भन्ने अध्ययन गर्नु पनि यस अध्ययनकर्ताको अर्को महत्वपूर्ण जिज्ञासाको पक्ष हो । यसको अध्ययनको लागि यस आश्रममा आश्रित वृद्धवृद्धाहरुसंग उनीहरु यस आश्रममा आश्रित हुनुको कारणहरु विस्तृतरुपमा जानकारी लिने कोसिश गरिएको थियो । यसरी जानकारी लिदा वृद्धावस्थामा आएर मानिसहरु भगवान् प्रति बढि आस्था राख्छन् विभिन्न धार्मिक स्थानमा गई बस्दा सांसारिक दुःखबाट मुक्त भई आत्माशान्ति हुनुको साथै अन्तिम अवस्थामा तिर्थस्थलमा मृत्यु भएमा मोक्ष पाइन्छ , भन्ने धारणा हाम्रो हिन्दु समाजमा पाईन्छ। यस वृद्धाश्रम कालिगण्डकीको तिरमा अवस्थित भएकोले मनको शान्तिको लागि आएको भन्नेको संख्या सबैभन्दा धेरै देखियो जुन ४५ प्रतिशत रहेछन् । धेरैजसो वृद्धाहरुको सानैमा विवाह भएको र विधुवा भएकोले निसन्तान भएर हेरचाह गर्ने कोहि नभएकोले यस आश्रममा आश्रय लिनु परेको भन्नेको संख्या २७.५ प्रतिशत पाइयो । गाँसवास दुवै उठेपछि कामको खोजिमा शहरतिर पसेका मानिसहरु जीवनभर काम -ज्याल भजदुरी) गरेर पनि केहि बचाउन नसकेका र वृद्धावस्थामा गरिखान नसक्ने अवस्था भएको साथै सम्पत्ति र आश्रय दिने कोहि नभएका यस आश्रममा सरकारले नै गाँसवासको व्यवस्था मिलाई दिएकोले आश्रित हुन आएकाको संख्या २२.५ प्रतिशत पाइयो र विभिन्न कारणले परिवारबाट अपहेलित भई बसेका तथा अरुको घरमा काम गरी बसेका वृद्धवृद्धाहरु यस आश्रममा अनाथ आश्रय विहिन वृद्धवद्धाहरुलाइ सरकारले खान बस्नको व्यवस्था गरेको छ भन्ने थाहा पाएर आफन्तले ल्याइदिएको बताउने वृद्धवद्धाहरुको संख्या सबैभन्दा थोरै ७.५ प्रतिशत रहेको पाइयो । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।


**तालिका ६.४: आश्रममा आश्रित हुनुको कारण**

| **आश्रित हुनुको कारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| मनको शान्तिको लागि | १८ | ४५.० |
| परिवारमा हेरचाह गर्ने कोहि नभएर | ११ | २७.५ |
| आर्थिक रुपले असहाय भएर | ९ | २२.५ |
| अपहेलित भएर | ३ | ७.५ |
| **जम्मा** | **४०** | **१००.०** |

स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार मनको शान्तिको लागि आउने सबैभन्दा धेरै ४५ प्रतिशत रहेको पाइयो भने परिवारमा हेरचाह गर्ने कोहि नभएर आउनेको संख्या २७.५ प्रतिशत रहेको पाइयो त्यस्तै आर्थिक रुपले असहाय भएर आउने २२.५ प्रतिशत र अपहेलित भएर आउने सबैभन्दा कम ७.५ प्रतिशत रहेको पाइयो।

**चित्र ६.६: आश्रममा आश्रित हुनुको कारण**




स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६९ ।

माथिको चित्र अनुसार मनको शान्तिको लागि आउने सबैभन्दा धेरै १८ जना रहेको पाइयो भने परिवारमा हेरचाह गर्ने कोहि नभएर आउनेको संख्या ११ रहेको पाइयो त्यस्तै आर्थिक रुपले असहाय भएर आउने ९ जना र अपहेलित भएर आउने सबैभन्दा कम ३ जना रहेको पाइयो ।

### ६.१८ आश्रमका समस्याहरु

आश्रम र आश्रितका समस्याहरु निम्न रहेको पाईन्छ :

१. धेरै पहिले निर्माण भएको यस भवन ढुगां माटाको गाह्रो लगाएको छ । झ्याल ढोका अलि साना साना र अलि अँध्यारा कोठाहरु रहेका छन् जसले वृद्धवृद्धाहरुलाई भित्र बाहिर गर्दा अँध्यारो भई लोट्ने संभावना रहेको देखिन्छ ।

२. पूर्व रहेको भर्याङको दाँया, बाँया समाउने ठाँउ नभएको तथा खुड्कीलोको दुरी पनि टाढा टाढा भएको कारणले अशक्त तथा आँखा नदेख्ने वृद्धवृद्धहरुलाई  तलमाथि गर्दा लोट्ने संभावना बढि देखिन्छ ।

४. आश्रित वृद्धवृद्धाहरुको लागि स्नान घरको छुट्टै व्यवस्था छैन ।

५. आश्रममा  दीर्घ रोगी (सुगर, बाथ, प्रेसर ) आँखा नदेख्ने पनि आश्रित छन् । साधरण रोगको उपचार गर्ने व्यवस्था यस आश्रममा भएता पनि उपचार गर्न सम्मभ भएका यी रोगीहरुको उपचार गराउन पर्याप्त बजेट तथा दक्ष चिकित्सकको कमी रहेको छ ।

६. साधरण दाल, भात, तरकारी व्यवस्था यस आश्रममा भएतापनि वृद्धावस्थामा आवश्यक पर्ने पौष्टिक खाना तथा फलफूलको कुनै व्यवस्था हुन सकेको छैन ।

## व्यैयक्तिक अध्ययन १



गोपाल दासी घिमिरे

मेरो घर कास्की रुपाकोट हो । म अहिले ७५ वर्ष भए, म यहाँ आएको ३५ वर्ष भयो । ८ वर्षमा मेरो विवाह भएको थियो । मलाई आफ्नो विवाह भएको पनि त्यति याद छैन तर दूर्भाग्यले म १० वर्षमानै विधुवा भएछु । त्यसपछि घरको कसैले पनि हेरेनन् । श्रीमान भएपो सबैले वास्ता गर्थे श्रीमान नभएपछि घर न घाटको भइयो । कसैले पनि वास्ता गरेनन् । खान लाउन पनि दिएनन् । विवाह गरेर दिएकी छोरी माइतमा बस्नु त्यति राम्रो नहुने हाम्रो परम्परा भएकोले घरबाट थोरै सम्पत्ति ल्याएर यस आश्रममा आश्रित हुन आएकी हुँ । कहिलेकाहि माइतबाट दाजुभाइका छोरा छोरीहरु (भतिजा, भतिजीहरु) भेट्न आउछन् । खानेकुरा लुगाफाँटा ल्याइदिन्छन् । आश्रम व्यवस्थापन पनि राम्रै छ । यहि मेरो जिन्दगी गयो अब कति बाँचिन्छ र यहि ठिकै छ भनेर बसेकी छु । भगवानको सेवा गर्छु ।

## व्यैयक्तिक अध्ययन २




मेरो घर भोल्टार पाल्पा, गैडाकोट गा.वि.स मा पर्दछ। म ७५ वर्ष भए। यहाँ बस्न लागेको १ वर्ष भयो। घरमै बसिराखेको थिए। श्रीमती वितेपछि एक्लै बस्दा गाह्रो भयो अनि एक्लै बस्न भन्दा गुरु आश्रममा बस्दा राम्रो भनि आएको। घरमा दुइ छोरा बुहारी नाति नातिनाहरु छन्। घरमा प्यार स्नेह पाएको थिए। मैले माछा मासु नखाने छोरा बुहारीहरुले खाने यसले गर्दा भान्सा फरक फरक गर्न उनीहरुलाई पनि झन्झट हुने। यसैले बरु आश्रममा बस्ने हो भने कसैलाई दुःख पनि नहुने र हाम्रो वैष्णव धर्म अनुसार साठी वर्ष पछि घर छोड्नुपर्दछ भन्ने मान्यता अनुसार यहा आएको। कहिलेकाहि छोराहरु, नातिनातिनाहरु आउछन् खानेकुरा, लत्ता कपडा ल्याइदिने पैसा दिने गर्दछन्। आश्रम व्यवस्थापन पनि ठिकै छ। यहा स्वमीजी हुनुहुन्छ। उहासंग धार्मिक तथा ग्रन्थका कुराहरु गरेर दिन विताउछु।

## व्यैयक्तिक अध्ययन ३




मेरो घर गैडाकोट पाल्पा हो। म अहिले ४३ वर्ष भए। १६ वर्षमा मेरो विवाह भएको थियो। विवाह गरेको ५ वर्ष पछि मेरो श्रीमान् वित्नु भयो। मेरा दुइ छोरी थिए। दुइ छोरी मध्य एउटी छोरीको मृत्यु भयो अनि एउटी छोरीलाइ विवाह गरेर दिए। छोरीका छोरा छोरी (नाति नातिनाहरु) छन्। मलाइ घरमा एक्लै बस्न पनि मन लागेन खाउँखाउँ र लाउँलाउँ भन्ने बेलामा श्रीमानको मृत्यु भयो अनि छोरीको घरमा गएर बस्न पनि राम्रो लागेन अनि बिरक्तिएर यस आश्रममा आएकी हुँ। आश्रमका संरक्षक अर्थात महन्त स्वामिजीलाइ पहिले देखिनै चिनेकी थिए। त्यसैले यहाँ आएर स्वामीजीको सेवा गरे धर्म हुन्छ भनेर आएकी हुँ। घरको केहि सम्पत्ति लिएर आएकी छु। यहाँ पनि आश्रममा सक्दो काम गर्छु, स्वामिजीको सेवा गर्छु। खुसीनै छु। आश्रम व्यवस्थापनबाट पनि सन्तुष्ट छु। विधुवा भत्ता ५०० पाउछु यसले कहिलेकाहि औषधोपचार गर्छु।

# अध्याय सात

# सारशं, निष्कर्ष र सुझाव

## ७.१ सारशं

पश्चिमाञ्चल क्षेत्रको स्याङ्जा जिल्लाको पवित्र तिर्थस्थल केलादिघाट अवस्थित श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित जेष्ठनागरिकहरुलाई यस अध्ययनमा समावेस गरिएको छ ।

यो अनुसन्धानमा जनगणनाविधि र वणनात्मक अनुसन्धान पद्धती अपनाएर गरिएको छ । यो अध्ययन वास्तविक र सत्य सुचनाको आधारमा गरिएको छ । देशमा औधोगिकीकरणले बाल यूवा तथा प्रौढको जीवनलाई सुखमय, विलासमय तुल्याउन सहयोग पुर्‍याएको छ भने अर्कोतर्फ वृद्धवृद्धाहरुको जीवनलाई असहाय तुल्याई चिन्ताजनक बनाएको छ । खानपानमा सुधार औषधि उपचारको सुलभताले गर्दा देशमा मृत्युदर घट्न गई वृद्धवृद्धाहरुको अर्थात आश्रितहरुको संख्या बढ्न गएको छ । यो संख्या वृद्धि समाजका लागि मात्र नभएर देशको नै ठुलो समस्या बन्न पुगेको छ । धनी राष्ट्रहरुले यी वृद्धवृद्धाहरुको समस्या समाधानबारे विभिन्न कार्यशाला, गोष्ठी, सेमिनार गरि उनीहरुलाई खाना बस्नको सुख सुविधा पुर्‍याउन आश्रमको व्यवस्था गरेका छन् । जसलाई वृद्धाश्रम भनिन्छ । हाम्रो देशमा पनि विभिन्न ठाउहरुमा सरकारी तथा गैरसरकारी स्तरमा वृद्धाश्रम सञ्चालन छन् । अहिलेको युगमा निसहाय वृद्धवृद्धाहरुको समस्याको चिन्ता समाज, देश र अन्तराष्ट्रिय जगतलाई पर्न गएको छ र यी क्षेत्रहरुबाट समस्या समाधानतर्फ खोज तथा समाधान कार्यहरु हुँदै गएका छन् ।

यस राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको सामाजिक, सांस्कृतिक, भौतिक पक्ष तथा वृद्धाश्रमको व्यवस्थापन पक्षको अध्ययन गर्नलाई अनुसन्धान विधिमा प्रत्यक्ष अवलोकन विधि तथा आश्रम व्यवस्थापन संग अन्तरवार्ता र तथ्याङ्क अवलोकन विधिहरु सम्वन्धित साहित्य समिक्षा विधि अपनाइयो । यस विधि अनुरुप यस वृद्धाश्रममा आश्रित २८ जना महिला र १२ जना पुरुष संग प्रत्यक्ष सम्पर्कमा प्रश्नहरु सोधि वास्तविकताको अध्ययन गरियो ।

आश्रित वृद्धवृद्धाहरुको सामाजिक पक्षको अध्ययन गर्दा आश्रममा आश्रित हुनुको मुख्य कारणहरुमा आफ्नो कोहि नहुनु, पारिवारिक झै झगडा, आर्थिक दुर्वलता, शारिरीक

अशक्तता तथा परिवार वा समाजबाट माया, ममता र सम्मानको अभाव मुख्य कारण देखाए । जसलाई निम्न किसिमले देखाइएको छ।

- लैङ्गिक आधारमा आश्रममा आश्रित जेष्ठनागरिकहरुको संख्याको बारेमा अध्ययन गर्नु महत्वपूर्ण हुन आउछ । जसमा यस आश्रममा आश्रित जेष्ठ नागरिक मध्य २८ जना महिला र १२ जना पुरुष रहेका छन् । यस्तो अध्ययनबाट लैङ्गिकरुपमा के कस्ता वृद्धवृद्धाहरु पारिवारिक रुपले तिरस्कृत भई आश्रममा आश्रित हुदा रहेछन् भन्ने कुराको जानकारी लिइएको छ ।
- वृद्धाश्रममा बस्ने जेष्ठनागरिक मध्य जातिगत तथ्याङ्क अनुसार सबै भन्दा बढि ब्राम्हण जातिका जेष्ठनागरिकहरु ७५ प्रतिशत रहेका पाइयो भने मगर १० प्रतिशत, क्षेत्री १० प्रतिशत र सबै भन्दा कम ठकुरी ५ प्रतिशत रहेको पाइन्छ ।
- मातृभाषागत आधारमा हेर्दा सबैभन्दा बढि सबैभन्दा नेपाली भाषी पाइनुको कारणमा नेपाली भाषा राष्ट्र भाषा भएकोले हो जुनको संख्या ३६ छ भने सबैभन्दा कम मगरको संख्या ४ रहेको देखिन्छ ।
- जेष्ठ नागरिकहरुको साक्षरता जान्न खोज्दा ७५ प्रतिशत निरक्षर रहेको र २५ प्रतिशत मात्र साक्षर रहेका छन् ।
- अन्तरवार्तामा लिइएका वृद्धवृद्धाहरुलाई आश्रममा आउनु अघि आफ्नो आयबाट उनीहरुको जीवनयापन कसरी चल्दथ्यो भन्ने सन्दर्भमा ७५ प्रतिशतले खेती गरेर पुग्थ्यो भने १२.५ प्रतिशतले ज्याला मजदुरी र व्यापार गर्ने गरेको र ५ प्रतिशतले कुनै पनि पेशा नभएको बताए ।
- जेष्ठनागरिकहरु आश्रममा आउनु पूर्वको पारिवारिक अवस्था बुझ्दा ५२.५ प्रतिशतले सयुक्तमा बस्ने गरेको र ४७.५ प्रतिशतले एकल परिवारमा बस्ने गरेको बताए ।
- जेष्ठनागरिकहरुलाई आफ्ना परिवारका भेट्न आउछन् की आउदैनन् भनि प्रश्न सोझ्दा ६२.५ प्रतिशतले आउछन् भने ३७.५ प्रतिशतले कोहि छैनन् त्यसैले नआउने बताए ।
- आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई वृद्ध भएर बाँच्न कत्तिको गाह्रो छ भनि जानकारी लिंदा अलिअलि गाह्रो भन्ने ६५ प्रतिशत, गाह्रो छैन भन्ने २२.५ प्रतिशत र ज्यादै गाह्रो भन्ने सबैभन्दा कम १२.५ प्रतिशत रहेको बताए ।

- आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई पुन घर फर्कन चाहने अर्थात विचार गर्नुपर्छ भन्ने १२.५ प्रतिशत पाइयो भने तीर्थमानै मर्ने विचार छ भन्ने ६० प्रतिशत र जान्न यहि ठिक छ भन्ने २७.५ प्रतिशत रहेको पाइन्छ ।

वृद्धाश्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न ७ जना कर्मचारीको दरबन्दि पुरा भएको कार्यालायको स्थापना गरिएको छ र यो महिला बालबालीका तथा समाजकल्याण अन्तर्गत रहेको छ । व्यवस्थापन पक्षबाट आश्रित वृद्धवृद्धाहरुलाई उपलब्ध गराइएको भौतिक सुविधाहरु जस्तो खान बस्न, औषधिउपचार, चाडपर्व अनुसारको खाद्यान्न तथा अन्य सामग्रीहरुबाट धेरैजसो आश्रितहरु सन्तुष्ट भएको पाइन्छ भने केहि मात्रामा आश्रितहरु असन्तुष्ट रहेको पाईन्छ ।

आश्रित वृद्धवृद्धाहरुको आपसी सम्वन्ध र कर्मचारीसंगको सम्वन्ध राम्रो देखिएतापनि सरकारको तर्फबाट आश्रमको लागि उपयुक्त योजना र बजेट कार्यक्रमहरु उपलव्ध गराउन नसक्दा यस श्री राध दामोदर आरोग्य आश्रम निःसहाय वृद्धवृद्धाहरुको लागि केवल ओत लाग्ने ठाँउ जस्तो भएको छ । आश्रित वृद्धहरुको अवस्था चिन्ताजनक नै छ भन्नका लागि अनुपयुक्त नहोला । यस आश्रममा आश्रित वृद्धहरुसंगको अध्ययनको क्रममा देखिएका समस्याहरु तथा अध्ययनको क्रममा पत्ता लागेका मुख्य मुख्य समस्याहरु तल उल्लेख गरिएको छ ।

- धेरै पहिले निर्माण भएको यस भवन ढुगां माटाको गाह्रो लगाएको छ । झ्याल ढोका अलि साना साना र अलि अँध्यारा कोठाहरु रहेका छन् जसले वृद्धवृद्धाहरुलाई भित्र बाहिर गर्दा अँध्यारो भई लोट्ने संभावना रहेको देखिन्छ ।
- पूर्व रहेको भर्याङको दाँया, बाँया समाउने ठाँउ नभएको तथा खुड्कीलोको दुरी पनि टाढा टाढा भएको कारणले अशक्त तथा आँखा नदेख्ने वृद्धवृद्धहरुलाई तलमाथि गर्दा लोट्ने संभावना बढि देखियो ।
- आश्रित वृद्धवृद्धाहरु वृद्धावस्थाका कारणले तथा शारिरिक अस्वस्थता तथा अशक्तताका कारणले गर्दा व्यक्तिगत सरसफाइमा त्यति बढि ध्यान नदिएको देखिन्छ। साथै उनीहरुसंग मनजन, रुमाल, तथा नङकटको अभाव रहेको पाइयो ।
- आश्रित वृद्धवृद्धाहरुको लागि स्नान घरको छुट्टै व्यवस्था देखिएन ।

## ७.२ निष्कर्ष:

प्राचिनकालमा मानिसहरु वृद्धावस्थामा पुगेपछि उनीहरुलाई जीवनको बाँकी दिन बिताउन कुनै खास समस्या थिएन । किनकी वृद्धावस्थामा लागेपछि उनीहरु वनप्रस्थान आश्रम तथा सन्यास आश्रममा आफ्ना नाता कुटुम्ब, मित्र सबैलाई त्यागी भगवानमा लीन भई समय बिताउँथे । मृत्युपछि पनि उनीहरु जस्तै अरु सहकर्मीबाट सतगती काजक्रीया तथा अन्य आवश्यक कर्महरु गरिदिइथ्यो । देशमा औधोगिकीकरण तथा सहरीकरण हुनु अधिसम्म पनि मानिसहरुमा धर्मप्रति आस्था भएको कारणले छोरा छोरी तथा समाजले वृद्धवृद्धालाई सम्मानका साथ आवश्यक सरसहयोग गर्दथे र वृद्धवृद्धाहरुको बाँकी जीवन राम्रै बित्ने गर्दथ्यो । तर वन विनाश, शहरीकरण, औधोगिकिकरण साथै नवयुगका युवा तथा प्रौढहरुको विलाशी स्वभावले गर्दा “वानप्रस्थाश्रम” जस्तो व्यवहार केवल ग्रन्थमा नै सिमित रहन थाल्यो । सधै भोग विलास र आफ्ना वृद्ध बाबु आमाप्रतिको आफ्नो कर्तव्यलाई भुल्दै गए । यसरी वृद्धवृद्धाहरुको जीवन कठिन र अनिश्चित हुन थाल्यो । हाल आएर विश्वमानै वृद्धवृद्धाहरुलाई उनीहरुको बाँकी जीवन सुखमय गराउन निश्चित कार्यक्रमहरु गर्न ठुलो जीम्मेवारी आएको छ र विश्वका प्राय जसो मुलुकहरुमा वृद्धाश्रम खोल्ने र वृद्धवृद्धाहरुलाई आवयश्यक सेवा सरसहयोग गर्ने कार्यहरु हुन थालेको छन् ।

यस श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित जेष्ठनागरिकहरुको सामाजिक सांस्कृति स्थितिबारे अध्ययन गर्ने क्रममा यहाँको स्थलगत अध्ययन गर्दा आश्रममा आश्रित जेष्ठनगरिकहरुको आफ्नो पुर्ख्यौली घरमा प्रर्याप्त जग्गा जमीन नहुनु, कुनै रोजगार नहुनु, अलि अलि भएको सम्पत्ति आफ्नै छोरा कुटुम्बले बेची खाइदिनु र परिवारबाट अपहेलित भई आफु अशक्त , असाहाय भएको कारणले आफ्नो जन्मस्थान छोडी वृद्धाश्रममा आश्रित हुन आएको पाइयो । वृद्धाश्रमको व्यवस्था त्यति सन्तोषपूर्ण नभएपनि आश्रमले दिएको सिमित गास, बास र कपासमा नै सन्तोष मानि यसैलाई आफ्नो “अहोभाग्य” सम्झी आश्रममा आश्रित रहेको पाइयो । आश्रममा बस्नेहरुमा पनि कोहि ज्यादै सन्तुष्ट देखिन्छन् र भन्छन् आफ्नो भएर माया गर्ने कोहि नभएपछि वृद्धाश्रममा त धेरै आनन्द छ । बेलाबेलमा खान पाइन्छ, लगाउन पाइन्छ, मन लागेको बेलामा हिंडडुल गर्न पनि पाइन्छ भन्छन् भने कसैले जस्तै भएपनि परिवार भनेको परिवारै हो यहाँ वृद्धाश्रममा बस्दा त धर्तिकै बोझ भएजस्तै लाग्छ । तर के गर्नु आफन्त कोहि छैनन् बाँच्नका लागि नबसी सुखै छैन । वृद्धाश्रममा

आउनेहरु धेरै जसो शहरी क्षेत्रभन्दा ग्रामिण क्षेत्रका भएको पाइयो । परिवार हुनेभन्दा परिवार नभएकाहरु बढि मात्रामा आश्रममा आउने गरेको पाइयो ।

वृद्धवृद्धाहरु ज्ञानका भण्डार हुन् । उनीहरुले आफ्नो जीवनकालमा धेरै तितामिठा अनुभवहरु हासिल गरेका छन् र कोहि त शिक्षित पनि छन् । यी वृद्धवृद्धाहरुलाई उपयुक्त वातावरणमा उपयुक्त खानपीन, बास र स्वास्थ्य उपचार दिइएमा यिनीहरुको स्वास्थ्यमा सुधार आई आफुमा भएको ज्ञान र सीपलाई व्यवहारमा उर्तान सक्छन् । जुन वृद्धवृद्धाहरुको लागि मात्र फलदायी नभइ समाज देश र विश्वकै लागि फलदायी हुन सक्तछ र यसतर्फ भने परिवार, समाज, संस्था एवं सरकारले कुनै ध्यान पनि नदिएको देखिन्छ ।

**७.३ सुझाव :**

यस श्री राधा दामोदर आरोग्य वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको समग्र रुपमा अध्ययन गर्दा यस आश्रममा शारिरिक रुपले अशक्त, असहाय तथा निर्धन, परिवारबाट अपहेलित वृद्धवृद्धाहरुनै आश्रित हुन आएको देखियो । यस आश्रममा आश्रित वृद्धवृद्धाहरुलाई सरकारको तर्फबाट साधरण खान लाउन तथा बस्नको व्यवस्था गरिएको देखिएतापनि वृद्धाश्रममा विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष समस्याहरु देखिन आएको छ ।

यस आश्रममा आश्रित वृद्धवृद्धाहरुले व्यक्त गरेका समस्याहरु र अध्ययनको क्रममा देखिएका समस्याहरु समग्र रुपमा प्रस्तुत गरि ती समस्याहरु समाधानका केहि सुझावहरु प्रस्तुत गरिएको छ । जुन निम्न प्रकारका छन् ।

- वृद्धाश्रम भवन धेरै पुरानो भएकोले पूर्वी भागमा जीर्णोद्धार गर्नुपर्ने देखिन्छ ।
- स्वस्थ्य रहनको लागि सफासुग्गर गर्नु अति आवश्यक हुने कुरालाई मनन् गरी वृद्धहरु बस्ने, खाने, सुत्ने ठाउँ, आँगन तथा वृद्धाश्रम वरिपरिका भाग सफा राख्नुका साथै वृद्धहरु स्वयंलाई पनि सफासुग्गर रही बस्नुपर्ने बानिमा अझै चेतना जगाउनु पर्ने देखिन्छ ।
- कडा रोग लागेका विरामीलाई सकेसम्म चाँडो उपचार गराउने व्यवस्था गर्नुपर्ने तथा विरामीको अवस्थामा विरामीलाई आवश्यक खाना जस्तै : फलफुल, दुध, जाउलो आदिको पनि व्यवस्था हुनुपर्ने देखिन्छ ।

- सरुवा तथा पक्षघात रोग लागेका वृद्धवृद्धाहरुलाई छुट्टै राख्ने व्यवस्था गरिनुपर्ने साथै असहाय वृद्धवृद्धाहरुलाई आश्रम व्यवस्थापनको  तर्फबाट महिनामा १, २ पटक जाँच गराउनु पर्ने व्यवस्था गरिनुपर्ने देखिन्छ ।
- वृद्धभत्ता नपाएका वृद्धहरुलाई यथाशिघ्र नागरिकता उपलव्ध गराई सरल र सुगम तरिकाबाट उनीहरुलाई वृद्धभत्ता उपलव्ध गराउन यथाशिघ्र उपयुक्त कदम चाल्नुपर्ने देखिन्छ ।
- वृद्धाश्रममा स्वेच्छाले बस्न चाहेमा मात्र राखीने व्यवस्था गरिनु पर्छ र आश्रममा पनि यथायोग्य व्यवस्था हुनु पर्छ ।

# ***सन्दर्भग्रन्थ सूची (Bibliography)***

कुमारी,हिरण्य (१९९९) – ***श्रद्धा –सुमन,*** अन्तराष्ट्रिय वृद्ध दिवस, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबार, काठमाण्डौं

केन्द्रीय तथ्याङ्क विभाग (०६८) – ***नेपालको तथ्याङ्कीय झलक,*** नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, थापाथली,काठमाण्डौं

चटौत/मण्डल/श्रेष्ठ/शर्मा (०४९)– ***नेपालमा सामाजिक कल्याण एक विवेचता*** : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट प्रकाशित प्रतिवेदन

थपा, शशि (०५४) – ***पशुपति वृद्धाश्रममा आश्रित वृद्धवृद्धाहरुको समाजशास्त्रीय अध्ययन,*** अप्रकाशित शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौं

निजामती किताब खाना (०५५) –***स्थानीय स्वायत्त शासन ऐन,*** बगरमहल, काठमाण्डौ

नेपाल सरकार (०६३) – ***नेपालको अन्तरिम संविधान,*** कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, काठमाण्डौं

नेपाल सरकार (२००४–२००९) –***नेपाल स्वास्थ्य परियोजना,*** स्वास्थ्य मन्त्रालय, काठमाण्डौं

नेपाल सरकार (०२०) – ***मुलूकी ऐन,*** नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रलाय, कानून किताब व्यवस्था समिति, काठमाण्डौं

पन्त, भरतराज (०४५) – ***नमस्कार ,*** पेज नं. १२१, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं

पराजुली, कृष्ण प्रसाद (०५५) – ***नेपाली वृहत शव्दकोष,*** पेज नं. ११७१, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं

बस्नेत, केदार (०६५)–***नेपालको विकास प्रक्रियामा ज्येष्ठनागरिकको स्थान ,***अन्तराष्ट्रिय ज्येष्ठनागरिकदिवस, १ अक्टुवर २००८ का अवसरमा प्राणद्वाराआयोजित गोष्ठिमा छलफलका लागि प्रस्तुत मस्यौदा

भट्टराई, टिका (०४१)– ***वृद्धाश्रमका वृद्धवृद्धाहरु एक समाजशास्त्रीय अध्ययन,*** माजशास्त्र/मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाण्डौं

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रलाय (०५८) – ***जेष्ठनागरिक नीति तथा कार्यनीति,*** सामाजिक सुरक्षा तथा सुधार शाखा, सिंहदरबार, काठमाण्डौं

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रलाय (०६१) – ***जेष्ठ नागरिक स्वास्थ्य उपचार सेवा,*** सामाजिक सुरक्षा तथा सुधार शाखा, सिंहदरबार, काठमाण्डौं

मोक्तान, दशरथ (०५८) – ***बुद्दयौली आवाज ,*** नेपाल कार्य समूह तथा हेल्पऐजेन्ट्स, प्रथम संस्करण, काठमाण्डौं

यादव, रामवरण (०६९) – ***अन्तराष्ट्रिय वृद्ध दिवस,*** अन्नपूर्ण पोष्ट असोज १६, पेज नं. ५

रा.स.स.(०५६) – ***बुढेसकालको पीडाः एक्लो र न्यासोपन ,***गोरखापत्र, साउन १५, पेज ४

रा.स.स.(०५९) –***दुई तिहाई वृद्धहरु विकासशील देशमा ,*** गोरखापत्र, असोज १०, पेज ५

ज्ञवाली, खेमराज (०६३)–***श्री शुक सुधा श्रीमत भागवत महापुराणको अनुदित ग्रन्थ,*** विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाण्डौं

Acharya, Pradeep, 2007. ***Senior Citizens and the Elderly Homes*: A survey from Kathmandu.** Dhaulagiri Journal of Sociology and Anthropology,vol.2 Available from www.nepjoi.info\ index .phd\DSA\article\download\1365\1341 on 2nd feb 2013

Chalise, HN, 2006. ***Demographic situation of Population ageing in Nepal.*** Kathmandu University Medical Journal. vol.4

Dahal, Bhola, 2007. ***Elderly People in Nepal***, What Happened After MIPPA 2002? Nepal Participatory Action Network, UNSCAP 2007. Available from http:/www.unescap.org\ esid\ psis\meetings\AgeingMipaa2007\NEPAN on 1st jan 2013

*J Kvale & K.S. Sunil,2002.* ***Geiatric care***. Page 7, D.E Rosenblatt, Pixel studio,Cochin 682019

Donna Couper & Fran Pratt,2000. ***National Academy for teaching and learning about aging*** (http. edu/continuance/winter wint 21-24, on 07th Feb 2013)

Kifle, Mengesha,2002. ***Old Age and Social Change: An Anthropological Study of the lives of the Elderly among the Amhara of Ensaro.*** Thesis

submitted to the Addis Ababa University the Degree of Master in Social Anthropology

Gloria D Heinemann, President,2002. ***Elect Association for Geronotology in Higher Education.***Globalizing Education on Aging Available from http. edu/continuance/winter wint 21-24 , on 10th Jan2013

Khanal, Shova,2009. ***Budheuli Jeevan***, Battisputali, Kathmandu, Geriatric Centre.

Kamla, Raj,2007.***Educational System in Nigeria Problems and prospects***. Universal welfare sustainable Community Development Centre, Benin city, Nigeria, Available from, ww.krepublishers.com , 02-Journals 2007, 20th Jan 2013

Ministry of Health, 1999. ***Second long term Health plan 1997-2017,*** Kathmandu

MoPE, 2002. **Nepa**l: ***State of the Environment***. United Nations Environment Programme Available from http:/www.rrcap.ait.asia/pub/soe Nepal on 22nd Jan 2013

MWCSW, Government of Nepal,2063. ***Senior Citizen Acts.*** Ministry of Women Children and Welfare, Kathmandu, Nepal

National Planning Commission (NPC) Nepal,2007. ***Three Year Interim Plan (2007/08 –2009),*** National Planning Commission. Kathmandu, Nepal

NCPOP,2009. ***Public Perception of elder abuse*** : ***A literature review.***Attracta Lafferty Available from http:/www.ncpop.ie/Report Elder Abuse on 3rd feb 2013

Shrestha ,Nilma,2007.***The Ageing situation in Nepal***, (Country Report), vol.17 Department of pharmacy, Kathmandu University, Nepal

Sylvia, Montes, 1982. ***The elderly Beholden Sector of Society.*** Session of the Assian Regional Conference Hall of Pariss, catiolic center

WHO,2008. ***A Global Response to Elder Abuse and Neglect*** :Building Primary Health Care Capacity to Deal with the problem worldwide main Report. Available from htt:⁄www.who.int⁄ageing⁄publication⁄elder-doc on 5th feb 2013

Shova Khanal, Krishna M. Gautum.www. ageingnepal.org.np/downloads/OAH, study, 22nd Dec 2012

**(www.gecenep.com)** - Report on signing of memorandum of understanding between Geriatric, 2010, 22nd Dec 2012

# अनुसूची १

## *अन्तर्वार्ता शूची*

**"आश्रममा आश्रित वृद्धवृद्धाहरुको जीवनशैलीको विद्यमान अवस्था"**

नाम र थर :......................... . जात :....................

लिङ्ग : महिला ☐ पुरुष ☐ उमेर

शैक्षिक स्थितिः साक्षर ☐ निरक्षर ☐ मातृभाषा

वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐

विधुवा ☐ विधुर ☐

१. आश्रममा आउनुभन्दा पहिला तपाई को संग बस्नुहुन्थ्यो ?

क) एक्लै ☐ ख) श्रीमान /श्री ☐

ग) छोरासंग ☐ घ) छोरीसंग ☐ ङ) अन्य ☐

२. यहाँ आउनु अगाडि तपाईको मुख्य पेशा के थियो ?

क) ज्याला मजदुरी ☐ ख) खेती ☐ ग) जागिर ☐

घ) व्यापार ☐ ङ) कुनै पनि पेशा नभएको ☐

३. वृद्धाश्रममा आएको मिति :....................

४. तपाई कहाँबाट यस आश्रममा आउनु भयो ?

–

५. परिवारका सदस्य लिन आए जानुहुन्छ ?

क) जान्छु ☐ ख) जान्न ☐

ग) विचार गर्नुपर्छ ☐ घ) तीर्थमा मर्ने मन छ। ☐

६.तपाइको परिवारमा कति सदस्य थिए?

क) दुई जना ख) चार जना ग) छ जना

७. आश्रित हुनु अगाडिको आम्दानीले तपाईलाई खान पुग्दथ्यो ?

क) पुग्दथ्यो ☐ ख) पुग्दैनथ्यो ☐

ग) दुःख सुख पुग्थ्यो ☐ घ) केहि ऋृण सापटबाट चलाउनु पर्थ्यो ? ☐

८. तपाईको जग्गा जमिन थियो ?

क) थियो ☐ ख) थिएन ☐ ग) थोरै थियो ☐

यदि तपाई संग जमिन जायजेथा थिएन भने कसरी जीविका चलाउनु हुन्थ्यो ?

क) कसैको जमिन कमाएर ☐ ख) मजदुरी गरेर ☐

९.तपाइ कस्तो प्रकारको परिवारमा बस्नु हुन्थ्यो ?

क) एकल ☐ ख) वृहत ☐ ग) संयुक्त ☐

१०. के तपाई बिहान साँझमा पूजापाठ गर्नुहुन्छ ?

क) गर्छु ☐ ग) कहिलेकाँहि मन्दिरमा जाने गर्छु ☐

ख) गर्दिन ☐

११. तपाई तिर्थस्थल जानु हुन्छ ?

क) जान्छु ☐ ग) कहिलेकाहि जान्छु ☐

ख) नजिक मात्र जान्छु ☐ घ) जान्न ☐

१२. तपाई तिर्थस्थल जादा को संग जानुहुन्छ ?

क) एक्लै ☐ ग) ग्रुपमा ☐

ख) साथिसंग ☐

१३. तपाईको परिवारका सदस्यहरु तपाईलाई भेट्न आउने गर्छन् ?

क) आउँछन् ☐ ख) आउँदैनन् ☐

१४. भेट्न आउने गर्छन् भने को को आउने गर्छन् ?

क) छोरा बुहारी ☐ ग) नाति नातिना ☐ घ) दाजु भाई, दिदि बहिनी ☐

ख) छोरी ज्वाई ☐ ङ) साथी ☐

१५. भेट्न आउँदा कति कति समयमा आउने गर्छन् ?

क) ...........दिन ग) .........कति सम्म

ख) ..........वर्ष घ) संयोगवश

१६. भेट्न आउदा तपाईलाई के कस्तो सहयोग गर्दछन् ?

क) पैसा ☐ ख) कपडा ☐ ग) खानेकुरा ☐

१७. चाडवाडमा लिन आउछन् ?

क) आउँछन् ☐ ख) आउँदैनन् ☐

१८. तपाईको स्वास्थ्य स्थिति कस्तो छ ?

क) राम्रो ☐ ग) स्वास्थ्यजनक ☐

ख) ठिकै ☐ घ) नराम्रो ☐

१९. तपाई आँखा देख्न सक्नुहन्छ ?

क) देख्छु ☐ ग) देख्दिन ☐

ख) अलिकम देख्छु ☐

२०. तपाईलाई राम्रो संग निद्रा लाग्छ ?

क) लाग्छ ☐ ग) अलिकम लाग्छ ☐

ख) लाग्दैन ☐

२१. हजुरहरु एउटा कोठामा कति जना सुत्नुहन्छ ?

क) एक जना ☐ ग) तीन वा सो भन्दा बढि ☐

ख) दुई जना ☐

२२. आश्रममा स्वास्थ्य उपचारको समस्या छ वा छैन ?

क) छ ☐ ख) छैन ☐

२३. तपाइ लामो समयसम्म निको नहुने रोगबाट पीडित हुनुहुन्छ ?

क) छु ☐ ख) छैन ☐

२४. तपाइको चुरोट, सुर्तिको अम्मल गर्ने बानि छ ?

क) छ ☐ ख) छैन ☐

२५. तपाई आश्रममा के गरी दिन विताउनु हुन्छ ?

–

२६. तपाईहरुको स्वास्थ्य सुविधा सम्वन्धमा आश्रम व्यवस्थापकलाई तपाई के भन्न चाहनुहुन्छ?

–

२७. नेपाल सरकारले जेष्ठनागरिकलाई मध्यनजर गरेर दिएको भत्ता तपाईले केमा खर्च गर्नुहुन्छ?

–

२८. आश्रममा आम्दानी हुने कुनै काम गर्नुहुन्छ ?

क) गर्छु ☐ ख) गर्दिन ☐

२९. आश्रम बाहिर तपाईले गर्न सक्ने र मिल्ने काम पाइयो भने के तपाई गर्नुहुन्छ ?

क) गर्छु ☐ ख) गर्दिन ☐

३०. आश्रममा हजुरले कस्तो अनुभव गर्नु भएको छ ?

–

३१. आश्रममा बस्दा हजुरलाई कुनै किसिमको समस्या परेको छ की ?

क) परेको छ ☐

ख) परेको छैन ☐

ग) अलिअलि परेको छ ☐

३२. यदि समस्या परेको छ भने तपाईका मुख्य समस्याहरु के के हुन्?

–

३३. तपाईले आश्रम व्यवस्थापकलाई केहि भन्न चाहनुहुन्छ ?

–

३४. तपाई दिनमा कति पटक खाना खानुहुन्छ ?

क) एक पटक ☐ ग) तीन पटक ☐

ख) दुई पटक ☐

३५.आश्रममा बस्ने एक वा अर्कोमा झगडा झगडा वा भेदभाव गर्नुहुन्छ ?

क) झगडा हुन्छ ☐ ग) हुदैन ☐

ख) कहिले काहि हुन्छ ☐

३६. भेदभाव हुन्छ भने के कस्तो भेदभाव हुन्छ ?

क) जातिगत भेदभाव ☐ ग) रोगी वा निरोगीमा भेदभाव ☐

ख) गर्न सक्ने र नसक्नेमा भेदभाव ☐ घ) अन्य ☐

३७. दैनिक क्रियाकलापको लागि तपाईलाई कसैको सहयोग आवश्यक पर्छ ?

क) पर्छ ☐ ख) पर्दैन ☐

३८. तपाईहरु र यहाँको कर्मचारीहरु वीच कस्तो सम्वन्ध छ ?

क) राम्रो ☐ ग) ठिकै ☐

ख) नराम्रो ☐

३९. वृद्ध भएर बाँच्न कत्तिको गाह्रो छ ?

क) ज्यादै गाह्रो ☐ ग) अलि अलि गाह्रो ☐

ख) गाह्रो छैन ☐

४०. तपाईको विचारमा यहाँ के कस्तो सुधार हुनुपर्छ ?

–

४१. परिवारलाई छोडेर के कारणले र कसरी यस आश्रममा बस्न आउनु भयो ?

क) परिवारमा हेरचाह गर्ने कोहि नभएर ☐

ख) आर्थिक रुपले असहाय भएर ☐

ग) परिवारका सदस्यहरुबाट अपहेलित भएर ☐

घ) मनको शान्तिको लागि तीर्थस्थलमा अन्तिम समय गुजार्न ☐

ङ) आश्रममा आफै आएको ☐ वा आफन्तले ल्याइदिएको ☐

***सहयोगको लागि धन्यवाद !***

# अनुसूची-२

## जानिफकार व्यक्तिहरूसँगको छलफल सूची

(क) नाम (ख) उमेर (ग) लिङ्ग

- शिक्षा
- यो मन्दिर परिसरमा आश्रमको स्थापना तथा शुरुवात् कहिले भएको हो ?
- आश्रम कसरी सञ्चालन भएको छ तथा आर्थिक स्रोत कहाँबाट जुटाउनु हुन्छ ?
- यो आश्रम संञ्चालनमा सरकारले कहिले देखि सहयोग गरेको हो ?
- सरकार बाहेक अन्य संघ संस्था तथा चन्दादाताहरुको पनि सहयोग के कस्तो छ ?
- सहयोग गर्न चाहने संस्था संगठनहरूलाई तपाँइ केही भन्न चाहनुहुन्छ ?
- यो आश्रममा कस्ता खालका मानिस छन् र कति संख्यामा छन् ?
- यो आश्रममा बस्नको लागि कस्ता व्यक्तिलाई प्राथमिकता दिनुभएको छ ?
- यो आश्रममा वृद्धवृद्धाहरु कतिदेखि कति उमेरसम्मका छन्
- तपाईहरूले भावी योजना के बनाउनु भएको छ ?
- आश्रमका कोठा कुनै पक्की कुनै कच्ची छन् त्यसको लागि के गर्दै हुनुहुन्छ ?
- हवस् त सहयोगको लागि धन्यवाद !

# अनुसूची-३

## मुख्यः सूचनादाताको नामावली

| | | |
|---|---|---|
| १. | श्री एकदेव भट्टराई | अध्यक्ष बृद्धाश्रम |
| २. | श्री ढुण्डीराज सिग्देल | उपाध्यक्ष ,, ,, |
| ३. | श्री घनश्याम खनाल | सचिव ,, ,, |
| ४. | श्री दाम कुमारी पङ्गेनी | सेविका ,, ,, |
| ५. | श्री मञ्जरी क्षेत्री | कार्यालय सहयोगी ,, ,, |
| ६. | श्री डील्लीराम पोखेलः | भान्छे ,, ,, |
| ७. | श्री सुरेश सुवेदी | पुजारी ,, ,, |
| ८. | श्री तेज बहादुर द्वारे | चौकीदार ,, ,, |

# अनुसूची-४

## अध्ययन क्षेत्रको नक्शा

साँखर गा.वि.स, ६



# अनुसूची-६

## उत्तरदाताहरूको अन्तरवार्ताको क्रममा खिचिएका तस्वीरहरू



उत्तरदाताहरु संग छलफल गर्दै



नयाँ निर्मित वृद्धाश्रम भवन



सचिव संग आश्रम व्यवस्थापन बारेमा जानकारी लिंदै